नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

थाइल्याण्डमा ३७ वर्षीय निसावाला प्रधानमन्त्री

समाचार पृष्ठ ६ मा



● वर्ष २ ● अंक २६९ ● २०८१ साल भाद्र ०१ गते शनिबार ● Saturday 17, August 2024 ● सूर्योदयः बिहान ५:३८ बजे ● सूर्यास्तः साँझ ६:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-



**मधेशमा धानः** सप्तरीको तिरहुत गाउँपालिका–३,पिप्राहीमा हरियाली छाएको धान खेत ।
तस्बिरः अरुणकुमार यादव

# मुख्यमन्त्रीसँग मन्त्रीहरुको कार्यसम्झौता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले आर्थिक वर्ष २०८१–८२ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्रीहरूसँग कार्यसम्पादनसम्बन्धी करार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । मुख्यमन्त्री सिंहले कार्यसम्पादन सम्झौताका लागि भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जर्नादन सिंह क्षेत्री, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा, गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी, स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंह, अर्थमन्त्री सुनिलकुमार यादव, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोदकुमार जयसवाल, वन तथा वातावरण मन्त्री त्रिभुवन साह, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँसँग सम्झौता गरे ।प्रादेशिक राजधानी जनकपुरधाम बाहिर रहेकाले श्रम तथा यातायात मन्त्री कौशलकिशोर रायसँग भने शुक्रबार कार्यसम्पादन सम्झौता हुन सकेन । करार सम्झौतामा मन्त्रालयका नीतिगत विषयलाई वार्षिक कार्यक्रमसँग आबद्ध गरेर कार्यसम्पादन सूचक र मूख्य नतिजा क्षेत्र सूचक खुल्ने गरी मन्त्रालयका संयन्त्रमार्फत भदौ १५ गतेभित्र कार्यसम्पादन सहितको विवरण तयारी तथा स्वीकृत गर्नुपर्ने उल्लेख छ । कार्यसम्पादन विवरणमा मन्त्रालयका कार्यक्रम, क्रियाकलापको सूची र कार्यान्वयनको समयसीमा उल्लेख रहनेछन् । कार्यसम्पादन सम्झौतासम्बन्धी करारपछि मुख्यमन्त्री सिंहले कार्यसम्पादन सम्झौताका कारण मन्त्रालयका काममा प्रगति, पारदर्शिता र समयबद्धता कायम हुने बताए ।
उनले सम्झौता कार्यान्वयनबाट मासिक, चौमासिक तथा वार्षिक कार्यसम्पादन मूल्याङ्कन हुने भन्दै त्यसबाट मन्त्रालयमा काम भएका वा नभएका र नभएका कारण तथा जिम्मेवार व्यक्तिको पहिचान गर्न सकिने बताए । कार्यसम्पादन सम्झौतासम्बन्धी करारपछि मुख्यमन्त्री सिंहले कार्यसम्पादन सम्झौताका कारण मन्त्रालयका काममा प्रगति, पारदर्शिता र समयबद्धता कायम हुने बताए । उनले सम्झौता कार्यान्वयनबाट मासिक, चौमासिक तथा वार्षिक कार्यसम्पादन मूल्याङ्कन हुने भन्दै त्यसबाट मन्त्रालयमा काम भएको वा नभएको, नभएमा त्यसका कारण तथा जिम्मेवार व्यक्तिको पहिचान गर्न सकिने उल्लेख गरे ।
प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्यालले भदौ १५ गतेभित्र कार्यसम्पादनका मुख्य सूचक तथा मुख्य नतिजा क्षेत्र निर्धारणसहितको विवरण तयार तथा स्वीकृत भएपछि सम्झौताको प्रक्रिया पूरा भएको मानिने बताए । कार्यसम्पादन सम्झौताबाट कुनै महिना काम नहुने र कुनै महिनामा धेरै काम हुने प्रवृत्ति निरुत्साहित भई भदौदेखि असारसम्म समानुपातिक हिसाबले काम व्यवस्थित हुने उनको भनाइ थियो ।

# मधेश सरकार प्रशासनिक भवन राख्ने स्थलको खोजीमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेशका मन्त्रालय र प्रशासनिक भवन राख्ने स्थान खोजी गरेको छ । मन्त्रालयको प्रशासनिक भवन जीर्ण भएको भन्दै नयाँ विकल्प खोजीमा मुख्यमन्त्री र मन्त्रीहरू जुटेका हुन् । त्यसका लागि प्रयोगविहीन अवस्थामा रहेको सरकारी जग्गा, भवनको अनुगमन र छलफल शुरु गरिएको छ ।
मुख्यमन्त्री सतिश कुमार सिंहसहित मन्त्रीको टोली प्रयोगविहीन सरकारी जग्गा तथा भवनको निरीक्षणमा हिँडेका छन् । टोलीले धनुषाको नक्टाझिझस्थित कृषि निर्देशनालय र मुजेलियास्थित मणिपाल भवन निरीक्षण गरेको छ । सरकारी स्वामित्वमा रहेको कृषि निर्देशनालय परिसरमा २८ बिघा जमिन छ । त्यहाँ कृषि बिरुवा, धान, गहुँसमेत उत्पादन हुन्छ । त्यस्तै, संघीय सरकारको मातहत रहेको जनकपुरधामस्थित प्रयोगविहीन तथा जीर्ण भवनको पनि निरीक्षण भएको छ । प्रदेश सरकारबाट मुख्यमन्त्री सिंहसहित भौतिक मन्त्री सरोज यादव, श्रम तथा यातायात मन्त्री कौशलकिशोर राय, स्वास्थ्य मन्त्री शत्रुधन सिंह, कृषि मन्त्री जनार्दन सिंह क्षेत्री, शिक्षा मन्त्री रानी कुमारी तिवारीलगायत सहभागी थिए ।
त्यसक्रममा मुख्यमन्त्री सिंहले प्रदेशको साधनश्रोतको उचित प्रयोग गर्ने निर्णयसहित सरकारी जग्गाको निरीक्षण गरेको बताए । उनले जनकपुर चुरोट कारखाना परिसरको संरचना पर्याप्त नभएकाले विकल्प खोज्ने काम भएको बताए । प्रदेशका मन्त्रालय तत्कालै सार्नेभन्दा सरकारी जीर्ण भवन प्रयोगमा ल्याएर सेवा दिन खोजेको उनको भनाइ छ ।

# १४ घर बगायो, सतर्कता अपनाउन आग्रह



**मधेशदृष्टि**
**सोलुखुम्बु ।**
शुक्रबार खुम्बु पासाङल्हामु गाउँपालिका–५ थामेमा एक्कासि आएको बाढीले १४ भन्दा बढी घर बगाएको छ । बाढीले सर्वसाधारणको घर, होटल, विद्यालयमा पनि क्षति पुर्याएको छ । प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीका अनुसार, एएउटा विद्यालय, एउटा क्लिनिक, सर्वसाधारणका ७ घर, सात होटलमा क्षति भएको छ । अन्य ७ घर जोखिममा परेका छन् । बाढीले एउटा छात्रावास पनि बगाएको छ । हेलिकप्टर पनि पठाउन नसक्ने गरी मौसन प्रतिकुल भएको उनको प्रतिक्रिया छ । उनका अनुसार, सेनाको टोली घटनास्थल पुगेर उद्धारमा सक्रिय भएको छ । प्रहरी र सशस्त्र प्रहरी पनि घटनास्थलमा जुटेको छ । शुक्रबार दिउँसो पौने २ बजे आएको बाढीले २० भन्दा बढी घर पुरिएको प्रारम्भिक अनुमान छ । शुक्रबार साँझ दुधकोशी नदीमा ठूलो बाढी आएपछि सोलुखुम्बु र खोटाङ छेउछाउका बस्तीमा उच्च सतर्कता अपनाइको छ ।
खुम्बु पासाङ ल्हामु, माप्य दूधकोसी गाउँपालिका, सोताङ, थुलुङ दूधकोसी र नेचा सल्यान गाउँपालिकालगायतका नदी किनारका क्षेत्रमा क्षति पुग्नसक्ने अनुमान गरिएको छ ।
यसैबीच, सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५, थामे खोलामा गएको बाढीबारे अध्ययन गर्न शनिबार विज्ञसहितको टोली त्यसतर्फ जाने भएको छ । राष्ट्रिय विपद् व्यवस्थापन तथा न्यूनिकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनिल पोखरेलसहित विज्ञहरुको टोली त्यसतर्फ जान लागेको हो । टोलीले शुक्रबारै त्यसतर्फ जाने प्रयास गरेको थियो । तर, खराब मौसमका कारण सेनाको हेलिकोप्टर त्यसतर्फ जान नसकेको सैनिक प्रवक्ता गौरवकुमार केसीले बताए । उनका अनुसार, शनिबार बिहान टोली लिएर सैनिक हेलिकोप्टर त्यसतर्फ जाने तयारी छ ।
रक्षा मन्त्रालय स्रोतका अनुसार, सम्भवतः रक्षामन्त्री मानवीर राईसमेत त्यसतर्फ जानेछन् । बाढी आएको स्थानतर्फ जाने विज्ञसहितको टोलीले भने बाढीको स्रोत पत्ता लगाउने प्रयास गर्ने प्राधिकरण स्रोतले जनाएको छ । यस्तै, थामे खोलामा शुक्रबार दिउँसो आएको बाढीमा परेर केही घर, होटल र रिसोर्टहरु बगेका छन् भने नेपाली सेनाले ७ जनाको उद्धार गरेको छ ।
उता, भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढस्थित धौलीगङ्गा जलविद्युत् परियोजनाको बाँध खोलिने भएपछि कञ्चनपुरको महाकाली तटीय क्षेत्रका बासिन्दालाई सर्तकता अपनाउन आग्रह गरिएको छ । यस्तै, जिल्ला प्रशासन कार्यालय खोटाङले दुधकोशी आसपासका स्थानीय बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५ नाम्चेको थामेमा आजदेखि भीषण बाढी आएपछि सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको हो ।
'दुधकोशीको शिरमा रहेको ताल फुटेको भन्ने प्रारम्भिक सूचना प्राप्त भएको छ,' जिल्ला प्रशासन कार्यालय खोटाङका प्रशासकीय अधिकृत शिवकुमार राईले शुक्रबार साँझ जारी गरेको सूचनामा भनिएको छ, 'दुधकोशी किनारमा बसोबास गर्ने र अन्य कार्य गर्ने नागरिक सतर्क रहन अनुरोध छ ।'
बाढीले सोलुखुम्बुस्थित खोला किनारमा रहेको थामे गाउँको दर्जन बढी घर, विद्यालय भवन तथा स्वास्थ्य चौकी बगाएको प्रत्यक्षदर्शीले बताएका छन् । थामेखोलाको बाढी क्रमशः भोटेकोशी हुँदै दूधकोसीतर्फ झर्दै गरेको स्थानीय बासिन्दाले बताए । बाढीले खोटाङ र ओखलढुङ्गाको कोशी किनारमा बसोबास गर्ने स्थानीय बासिन्दा जोखिम परेका छन् । दुधकोशीमा बाढी आउन लागेपछि खोटाङको जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, हलेसी तुवाचुङ नगरपालिका, ऐसेलुखर्क गाउँपालिका र रावाबेँसी गाउँपालिकाले नदी आसपासमा उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । सोलुखुम्बुमा आएको बाढी खोटाङ आसपासमा आइपुग्न केही घण्टा लाग्ने अनुमान छ । थामेखोलाको बाढी
थामेखोलाको बाढी क्रमशः भोटेकोशी हुँदै दूधकोसीतर्फ झरेपछि जिल्ला विपद् व्यवस्थापन समिति खोटाका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की नेतृत्वको टोली सम्भावित बाढी प्रभावित क्षेत्रमा प्रस्थान गरेका छन् । सोलुखुम्बुमा हिम ताल फुटेर वा हिमपहिराको कारणले बाढी आएको भन्ने यकिन भएको छैन । घटनाको जानकारी प्राप्त भएपछि इलाका प्रहरी कार्यालय थाम्बुचे र इलाका प्रहरी कार्यालय नाम्चेबाट प्रहरी टोली खटाइएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रमुख प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बताए ।
यता, सुदूरपश्चिममा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले शुक्रबार जारी गरेको सार्वजनिक सूचनाअनुसार परियोजनाको बाँधको सिल्ट सफाइ गर्न बाँधका ढोका खोलिने भएको हो । भदौ १ गते बिहान ८ बजेदेखि भदौ २ गते साँझसम्म बाँध सफा गर्न ढोका खोल्न लागेको प्रमुख जिल्ला अधिकारी सापकोटाले जनाए । बाँध खोलिएपछि महाकाली नदीको जलस्तर बढ्ने भएकाले तटीय क्षेत्रका बासिन्दालाई सर्तकता अपनाउन भनिएको छ ।

# के छ बेचनको बयानमा ?



**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका बेचन झा मूलतः वीरगंजका बासिन्दा हुन् । अहिले नक्कली भुटानी शरणार्थी प्रकरणमा हिरासतमा रहेका उनले कानुन व्यवसायीमार्फत काठमाडौँ जिल्ला अदालतमा उपस्थित भएर बयान दिएका छन् । जिल्ला अदालतमा थुनछेक बयानमा उपस्थित भएका झाले कानुन व्यवसायीले भने अनुसार बयान दिएर मौनता देखाएको पाइएको छ ।
झालाई शुक्रबार न्यायाधीशले १४ प्रश्न सोधेका थिए । न्यायाधीश तीर्थराज केसीको इजलासमा ठगी, लिखत किर्ते र राज्यविरुद्ध र सङ्गठित अपराधसम्बन्धी कसुरमा बयान दिन पुगेका झाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो कुनै कारोबार नरहेको र सम्बन्धै नरहेको बताएपछि बयान लिनेहरु पनि असञ्जसमा परेका छन् ।
पूरक अभियोग पत्र दायर भएपछि अदालत पेश भएका उनीसँग शुक्रबार थुनछेक बहसअघि बिहीबार पनि बयान लिइएको थियो । बयानमा झाले मुख्य प्रमाणमै अस्वीकार गरेका छन् ।
१५ सवालमध्ये ७ देखि ११ सम्मका प्रश्नमा झाले चलखीपूर्ण बयान दिएका छन् । उनले आफूमाथि आरोप लागेको समयमा भारतमा उपचाररत रहेको दाबी गरेका छन् ।

# डाक्टरले दिए बिरामीलाई रगत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रादेशिक अस्पताल जनकपुरमा डाक्टरले नै रगत दिएर गम्भीर बिरामी महिलाको ज्यान जोगाएका छन् । बिरामीको शल्यक्रिया पनि सफल भएको छ । धनुषा, सबैला नगरपालिका वडा नम्बर ७ मखनाहाकी ३० वर्षीया हसिना खातुन, ६ महिनाको गर्भमै शिशुको मृत्युपछि गम्भीर रक्तश्राव भएर शुक्रबार अस्पतालमा भर्ना भइन् ।
डा. राजदेव महतो नेतृत्वको टोलीले शल्यक्रियाका लागि पाँच पोका रगत चढाए । डा. महतोको नेतृत्वमा पाँच घण्टा लामो शल्यक्रिया भयो, हसिनाको पाठेघर निकालिएको थियो । शल्यक्रियामा डा. चन्द्र रेखा इसार, डा. पिंकी साह, डा. जीतेन्द्र कुमार साह, डा. स्वेच्छा कार्की, डा. नितु झा र डा. विमलेन्द्र चौधरी सहभागी थिए । एनेस्थेसियाका लागि डा. अमित कर्णले सहयोग गरेका थिए । हसिनालाई आइसियुबाट जेनरल वार्डमा सारिएको छ ।

# डुबेर दुई बालिकाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला बिहारी नगरपालिका–९ स्थित जलाद खोलामा डुबेर दुई बालिकाको मृत्यु भएको छ । ९ वर्षीया स्मृति यादव र लक्ष्मीनिया गाउँपालिका–३ की १० वर्षीया सन्ध्या यादवको मृत्यु भएको हो ।
सन्ध्या आफन्तको घर गएकी थिइन् । डिएसपी रञ्जन अवाले शुक्रबार दिउँसो नुहाउन गएका बालिकालाई खाल्डोमा जम्मा भएको पानीमा तैरिरहेको अवस्थामा स्थानीयले देखेको र प्रहरीमा खबर आएको बताए । बालिकाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

# प्रधानमन्त्रीसँग अमेरिकी उपविदेशमन्त्रीको भेट

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल भ्रमणमा रहेका संयुक्त राज्य अमेरिकाका व्यवस्थापन तथा स्रोतसम्बन्धी उपविदेशमन्त्री रिचार्ड आर वर्माले शिष्टाचार भेट गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार भएको भेटमा उनीहरुबीच दुईपक्षीय सम्बन्ध र आपसीहितका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।
नेपालको आर्थिक र सामाजिक विकासका क्षेत्रमा सन् १९५० देखि अमेरिकी सरकारले गर्दै आएको निरन्तर सहयोगका लागि प्रधानमन्त्री ओलीले आभार व्यक्त गरे । उनले नेपालको विकासका विविध क्षेत्रमा अमेरिकी सरकारको सहयोगको अपेक्षासमेत गरे । प्रधानमन्त्री ओलीले नेपाल सन् २०२६ भित्र अल्पविकसित मुलुकबाट स्तनोन्नति हुने क्रममा रहेको र राजनीतिक सहमतिका आधारमा नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनका विषय टुङ्गो लाग्ने क्रममा रहेको उल्लेख गरे ।
सो अवसरमा उपविदेशमन्त्री वर्माले दुई देशबीचको ७७ वर्षदेखिको दुईपक्षीय सम्बन्धको स्मरण गर्दै नेपालको विकासमा साझेदार हुन पाउनु अमेरिकाका लागि खुसीको विषय भएको बताए । उनले नेपालको सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न लागेकामा बधाई दिए । भेटका अवसरमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, पराराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी थिए ।रासस

# 'न्यू मिडिया समृद्धिका बाहक हुनुपर्छ'

**काठमाडौँ ।**
सञ्चार क्षेत्रका सरोकारवालाले न्यू मिडिया समृद्धिको बाहक हुनुपर्नेमा जोड दिएका छन् । प्रेस काउन्सिल नेपालको आयोजानामा विभिन्न सञ्चारमाध्यमका सम्पादक, प्रकाशकसँगको अन्तरक्रियामा उनीहरुले सञ्चारमाध्यम प्रविधिमैत्री बनी रचनात्मक र चाखलाग्दा समाचार सामग्री प्रकाशन तथा प्रसारण गर्नुपर्ने बताए ।
अन्तरक्रियामा काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले सूचना प्रविधिको विकास सँगसँगै सञ्चारमाध्यममा प्रकाशित हुने समाचारको गुणस्तरमा सुधार जरुरी रहेको बताए । 'प्रविधिमा हरेक दिन फरकपन आइरहेको छ, बदलिँदो प्रविधिसँगै समाचारको प्रस्तुतिमा पनि सुधार जरुरी छ' उनले भने । मुलुकको समृद्धिका लागि सिर्जनात्मक खोजी र रचनात्मक पत्रकारितालाई बढावा दिनुपर्नेमा जोड दिँदै उनले प्रविधिमैत्री बनी रचनात्मक र चाखलाग्दा समाचार सामग्री दिन सके मिडियाको विश्वसनीयता बढ्ने बताए ।
नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले अनलाइन सञ्चार माध्यमलाई समाचार दिने होडबाजी नगरेर जिम्मेवार हुन सिक्नुपर्ने बताए । उनले पत्रकारले गर्न हुने र नहुने आचारसंहिताबारे प्रस्तुति राखेका थिए । प्रेस काउन्सिलका सदस्य शरद अधिकारीले पत्रकार आचारसंहिता र सञ्चार निर्देशिकाहरूको अहिलेको अवस्था एवं सदुपयोगबारे अभिमुखीकरण दिएका थिए । रासस

# गठ्ठाघर दुर्घटनाको छानबिन गर्न कमिटी गठन




**भक्तपुर ।**
भक्तपुरको गठ्ठाघर दुर्घटनाको सत्यतथ्य जाँच गर्न जिल्ला प्रशासन कार्यालय भक्तपुरले शुक्रबार छानबिन समिति गठन गरेको छ । बिहीबार दिउँसो गठ्ठाघर चोकनजिकै ना६ख २१७३ नंको ट्रकले बा३९प ८९४४ नंको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक ओखलढुङ्गा चिशङगढी गाउँपालिका वडा नम्बर ४ खहरे स्थायी घर भई हाल काठमाडौँ कपनमा बस्दै आएका ६५ वर्षीय उत्तम कोइरालाको घटनास्थलमै मृत्यु भएको थियो ।
प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठको नेतृत्वको बैठकले सरोकारवालासँग छलफल गरी सात दिनभित्र प्रतिवेदन पेस गर्नेगरी सहायक प्रमुख जिल्ला अधिकारी डोलेन्द्रप्रसाद निरौलाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको हो । समितिको सदस्यमा जिल्ला प्रहरी परिसर भक्तपुरको प्रहरी नायब उपरीक्षक राजन कार्की, यातायात व्यवस्था विभाग सवारी चालक अनुमतिपत्र राधेराधे कार्यालयका उत्तम बस्नेत र नागरिक समाजका तर्फबाट मृतकका आफन्त पर्ने तुलसीहरि कोइराला रहेका छन् ।
यसअघि शुक्रबार नै गठ्ठाघरमा भएको घटनाको छानबिन गर्न प्रहरीले पनि छानबिन समिति गठन गरिसकेको छ । गृहमन्त्री रमेश लेखकको निर्देशनपछि उपत्यका प्रहरी कार्यालयका एसपी प्रदीप केसीको नेतृत्वमा छानबिन समिति बनाएर आजदेखि काम सुरु गरेको प्रहरीले जानकारी दिएको छ ।

**युवा सङ्घले बुझायो ज्ञापनपत्र**
सोही दुर्घटनाका सम्बन्धमा राष्ट्रिय युवा सङ्घ जिल्ला कमिटी भक्तपुरले शुक्रबार प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएको छ । सङ्घका अध्यक्ष रबिन थापाको नेतृत्वको युवा सङ्घको टोलीले प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठलाई ज्ञापनपत्र बुझाउँदै बिहीबार गठ्ठाघरमा भएको दुर्घटनामा चालकलाई कडा कारबाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यबस्था गरिदिन माग गरेको छ ।
साथै सङ्घका अध्यक्ष थापाले ज्ञापनपत्रमार्फत प्रजिअ श्रेष्ठलाई दुर्घटना न्यूनीकरणका दीर्घकालीन उपाय अवलम्बन गर्न, सडक मर्मत गर्न, सडक बत्ती नियमित बल्ने व्यबस्था गर्न, ट्राफिक लाइटको नियमित बल्ने व्यवस्था गर्न लगायतको माग गरेको छ ।
त्यस अवसरमा प्रजिअ श्रेष्ठले घटनाबारे युवाहरुले सामाजिक सञ्जालमा दिएको अभिव्यक्तिले भीडलाई थप आक्रोशित बनाएको भन्दै युवाले यस्ता घटनालाई रोक्न महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । उनले दुर्घटनामा गल्ती गर्ने जोसुकै भए पनि कारबाहीको दायरमा ल्याइने बताए ।रासस

# कलेज स्थापनाका लागि ज्ञापनपत्र बुझाइयो

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबासमा मेडिकल कलेज स्थापनाका लागि प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ । महोत्तरीका प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरीले कलेज स्थापनाका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका हुन् ।
बहुप्रतिक्षित बर्दिबास मेडिकल कलेज परिसरभित्र रहेको एक हजार ९६७ वटा रुख कटान गर्नुपर्ने भएकोमा त्यसको भर्पाइमा नयाँ बिरुवा रोपिएका छन् । सो परिसरभित्रमा १९ हजार ६७० वटा विभिन्न प्रजातिको बिरुवाहरू रोपिसकेको ज्ञापनपत्रमा उल्लेख छ । आर्थिक वर्ष २०८१–०८२ मा पुँजीगततर्फ १० लाख रकम मात्र बजेट विनियोजन भएको जनाएको छ ।

# भेटवार्तामा व्यस्त बेलायती राजदूत

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकसँग संयुक्त अधिराज्य बेलायतका राजदूत रब फेनले शुक्रबार शिष्टाचार भेट गरेकी छन् । सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको उक्त भेटवातार्मा उनीहरुबीच द्विपक्षीय सम्बन्ध, आपसी हित र चासोका विषयमा छलफल भएको थियो । भेटका अवसरमा मन्त्री लेखकले नेपाल र बेलायतबीचको लामो सम्बन्धको प्रशंसा गर्दै नेपालमा लगानीका लागि सकारात्मक वातावरण बन्दै गएकाले बेलायती लगानी भित्र्याउन राजदूत फेनसँग आग्रह गरे । सो अवसरमा राजदूत फेनले लामो समयदेखि प्रगाढ सम्बन्ध रहेको विकासोन्मुख देश नेपाललाई सहयोग गर्ने बेलायत सरकार तयार रहेको बताइन् ।



**उद्योगमन्त्रीसँग पनि भेट**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग नेपालका लागि बेलायती राजदूत रोब फेनले शिष्टाचार भेट गरेकी छन् । सिंहदरबारमा शुक्रबार भएको भेटमा उनीहरूबीच नेपाल–बेलायतबीच रहीआएको आपसी सम्बन्ध, नेपालको आर्थिक विकास, सुशासन एवं मानवीय सहायतालगायत विविध विषयमा छलफल भएको थियो ।
सो अवसरमा भेटमा मन्त्री भण्डारीले नेपाल सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको बताउँदै यस अभियानमा नेपाललाई सघाउन आग्रह गरे । औद्योगिक विकास, प्रवर्द्धन तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नका लागि पनि नेपाललाई सहयोग आवश्यक पर्ने उनले बताए ।
मन्त्री भण्डारीले उद्योग, पर्यटन, सूचना प्रविधिलगायतका उत्पादनमूलक क्षेत्रको विकास तथा निर्यात अभिवृद्धि सरकारको प्राथमिकताको क्षेत्र भएको बताए । उनले जडिबुटी, पश्मिना, चिया, तयारी पोसाक, गलैँचालगायत प्राथमिकतामा परेका निर्यातयोग्य वस्तुको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता रहेको बताए । राजदूत फेनले मन्त्री भण्डारीलाई पुनःनियुक्तिको लागि बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरिन् । उनले आगामी दिनमा दुई देशबीचको व्यापार, लगानी, पर्यटन र शिक्षाको क्षेत्र थप विस्तार, सुदढ र सन्तुलित हुने विश्वास व्यक्त गरिन् ।
बेलायतको नयाँ गठित सरकारले द्विपक्षीय साझेदारीलाई प्राथमिकतामा राखेको र नेपालसँग थप साझेदारीका कार्यक्रममा अगाडि बढाउँदै लगानी तथा व्यापार अभिवृद्धि गर्न क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरिन् ।

**प्रचण्ड र राजदूत फेनबीच भेट**
नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपालका लागि संयुक्त अधिराज्य बेलायतका राजदुत रोब फेनले भेट गरेकी छन् । ललितपुरको खुमलटारस्थित निवासमा शुक्रबार भएको भेटमा अध्यक्ष दाहालले नेपालको प्रतिनिधिसभाले पीडितमैत्री न्यायमा जोड दिँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गरेको जानकारी गराउँदै पीडितमैत्री न्याय र सम्मानका लागि आवश्यक सहयोगमा बेलायत सरकारको साथ रहने विश्वास व्यक्त गरिन् ।
पूर्वप्रधानमन्त्री दाहालले आफू सरकारको नेतृत्वमा रहँदा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक अघि बढाउन पहल लिएको उल्लेख गर्दै विधेयक निष्कर्षमा पुग्दा त्यसले विश्व शान्तिका निम्तिसमेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ । उनले आफ्नो प्रधानमन्त्रीत्वकालमा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्न विशेष पहल लिएको स्मरण गर्दै जलवायु न्यायलगायत क्षेत्रमा नेपालले नेतृत्वदायी भूमिका खेलेको बताए । अध्यक्ष दाहालले भूतपूर्व गोर्खा सैनिकले उठाउँदै आएका सवालहरू बेलायती सरकारबाट सम्बोधन हुने विश्वाससमेत व्यक्त गरे ।
सो क्रममा राजदूत रोबले नेपालले शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्गोमा पु¥याउन लागेकामा खुसी व्यक्त गर्दै शान्ति प्रकियाको पूर्णताका निम्ति बेलायत सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाइन् ।
उनले अध्यक्ष दाहालको बलमा शान्ति प्रक्रियाले पूर्णता पाएकामा बधाइ दिँदै नेपालका लागि आवश्यक सहयोगमा बेलायतको सधै तत्पर रहेको उल्लेख गर्नुभएको दाहालको सचिवालयले जनाएको छ ।
राजदूत रोबले बेलायती नागरिकमा नेपाली उत्पादनप्रति रूचि बढेको जनाउँदै पारस्परिक सहयोग र व्यापारमा समेत साझेदारी बढाउन सकिने बताइन् । उनले तत्कालीन प्रधानमन्त्री दाहालको कार्यकालमा लगानीअनुकूल कानुन संशोधन र लगानी सम्मेलन सम्पन्न भएकामा खुसी व्यक्त गर्दै नेपालमा वैदेशिक लगानी भित्र्याउन आफ्नो योगदान रहने बताइन् । रासस

# चितवन पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा

**चितवन ।**
चितवनलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । शुक्रबार यहाँ आयोजित कार्यक्रममा जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो । कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख नारायणप्रसाद अधिकारीले राज्यका लागि बलियो मानवपुँजी निर्माण गर्न खोप प्रभावकारी रहेको भन्दै यसको दिगोपनका लागि अझै मेहिनत गर्नुपर्ने बताए । उनले खोप कार्यक्रम सफल बनाउन भूमिका खेल्ने महिला स्वास्थ्य स्वयंसेविकालगायत सरोकार भएकालाई सबैलाई धन्यवाद ज्ञापन गरे ।
माडी नगरपालिका प्रमुख ताराकाजी महतोले पूर्ण खोप सुनिश्चिततासँगै जिम्मेवारी थपिएको बताए । उनले खेती किसानी र ज्याला मजदुरी गर्न आउने अस्थायी बसोबासीका बालबालिका छुट्ने गरेका र माडीका विकट ठाउँमा पूर्ण खोप लगाउन चुनौती रहेको बताए । खैरहनी नगरपालिका उपप्रमुख कविता उप्रेतीले अस्थायी बसोबासी खोपबाट छुट्ने गरेकातर्फ आफ्नो नगरपालिकाले ध्यान दिइरहेको बताइन् । उनले नगरपालिकाले लागू गरेको बाआमा स्वास्थ्य कार्यक्रमअन्तर्गत तीन–तीन महिनामा स्थानीयका घरघरमा पुग्नेबेला कोही छुटको देखिए खोप लगाउने व्यवस्था मिलाउने गरिएको जानकारी दिइन् ।
ईच्छाकामना गाउँपालिका उपाध्यक्ष माया सिलवालले जिल्लालाई खोप सुश्चितता घोषणा गरिएका पनि अब यसलाई निरन्तरता र दिगोपनामा सबैले सहयोग गर्नुपर्ने आवश्यकता औँल्याइन् ।
कालिका नगरपालिका सामाजिक विकास समितिका संयोजक मकरमान श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जनस्वास्थ्य कार्यालय प्रमुख दिनेश रूपाखेतीले खोप बालबालिकाको नैसङ्गिक अधिकार भएकाले यसको सुनिश्चिताका लागि समन्वयात्मक ढङ्गले अगाडि बढ्नुपर्ने बताए । त्यस अवसरमा प्रदेशबाट प्राप्त पूर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणपत्र जिल्ला तथा पालिकालाई प्रदान गरिएको थियो । सहभागीले दिगोपनाका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए ।रासस

# गाउँगाउँमा निःशुल्क स्वास्थ्य शिविर हुनुपर्छः कोइराला

**विराटनगर ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले गाउँघरमै स्वास्थ्य शिविर सञ्चालन गर्न सके समस्या पहिचानका लागि बिरामीले अस्पताल जानुपर्ने बाध्यता अन्त्य हुने बताएका छन् ।
नोना कोइराला प्रतिष्ठान र केएचडीसीको प्राविधिक सहयोगमा मोरङको बुढीगङ्गा गाउँपालिका–७ स्थित डङ्ग्राहामा शुक्रबार निःशुल्क स्वास्थ्य शिविरको उद्घाटन गर्दै नेता डा कोइरालाले जनताले गाउँघरमै स्वास्थ्य सेवा लिन चाहिरहेकाले प्रतिष्ठानले विगतदेखि नै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताए ।
उनले भने, 'जनताले गाउँघर मै स्वास्थ्य र शिक्षाको सहज पहुँच चाहिरहेका छन् । नोना कोइराला स्मृति प्रतिष्ठानले पनि जनताको चाहनालाई बुझेर गाउँघरमै स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ, यसले सामान्य बिरामीको तत्कालै उपचार हुन्छ भने जटिल र दीर्घरोगका बिरामीलाई तत्कालै अस्पताल जान सहयोग पुग्छ । त्यसैले यस्ता कार्यक्रम आवश्यक छन् ।'
प्रतिष्ठानले शिविरमा मिर्गौला, मुटु, मधुमेहलगायत रोगको परीक्षण गर्नुका साथै निःशुल्क रूपमा औषधि वितरण गरेको थियो ।
यस्तै इको, इसिजी, फोक्सो, उच्च रक्तचापसँग सम्बन्धित सबै किसिमको ल्याव सेवा प्रदान गरी जटिल समस्या देखिएका बिरामीलाई अस्पतालमा थप उपचारको व्यवस्था मिलाएको प्रतिष्ठानका महासचिव अमित श्रीवास्तवले जानकारी दिए । उनले शिविरमा पाँच सयभन्दा बढी बिरामीको स्वास्थ्य परीक्षण गरिएको र नेता डा कोइराला पनि आफैँ बिरामीको परीक्षण गर्न खटिएको बताए ।रासस

# लागुऔषधसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रहरीले महोत्तरीको बर्दिबासबाट लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नम्बर १ दुवाकोट बस्ने २३ वर्षीय किसन श्रेष्ठ र २२ वर्षीय विकास वाइवा रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले जानकारी दिए । बागमती प्रदेश ०२–०२५ प ६४६७ नम्बरको एनएस पल्सर मोटरसाइकलमा चढी बर्दिबासबाट काठमाडौँतिर जाँदै गरेका उनीहरुलाई बर्दिबास–३ स्थित पाटुमा सवारी साधन चेकजाँच गर्दै गरेको नेपाल प्रहरी र ट्राफिक प्रहरीको संयुक्त टोलीले चेकजाँच गर्दा उनीहरु लागुऔषधसहित पक्राउ परेका हुन् ।प्रहरीले मोटरसाइकलको पछाडि बसेका विकासले बोकेको कालो खैरो रङको कपडाको ब्याग भित्र प्लास्टिकमा बेरिएर राखेको अवस्थामा नेपालमा प्रतिबन्धित लागुऔषध नाइट्रोभेट–१० लेखिएको ट्याब्लेट एक हजार चार सय ७३ पिस र



कोरेक्स लेखिएको झोलपदार्थ (सिरप)–१ बोतल बरामद गरेको हो । लागुऔषधसहित पक्राउ गरिएका दुवै जनालाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा ल्याई थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# ट्याङ्करले ठक्कर दिँदा दुई जनाको मृत्यु



**मधेशदृष्टि**
**राजविराज ।**
पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको कञ्चनरूप नगरपालिका–३ बरमझियामा तेल बोक्ने ट्याङ्करले मोटरसाइकललाई ठक्कर दिँदा दुईजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक सुनसरीको हरिनगरा गाउँपालिका–३ गौतमपुर बस्ने अन्दाजी ४१ वर्षीय महेशकुमार मेहता र मोटरसाइकलको पछाडि सवार सोही ठाउँका ४० वर्षीय जयप्रकाश मेहताको मृत्यु भएको प्रहरीले जनाएको छ ।
महेशको घटनास्थलमा नै मृत्यु भएको र दुर्घटनामा घाइते जयप्रकाशको कञ्चनरूप १२ स्थित धर्मेश्वर अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लैजाने क्रममा ज्यान गएको प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेले जानकारी दिए । पूर्वतर्फ जाँदै गरेको नेपाल आयल निगमको को १ ख ७४१४ नम्बरको तेल बोक्ने ट्याङ्करले पूर्वबाट पश्चिम आउँदै गरेको प्र १– ०२०४७ प १२८० नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । यस्तै, ट्याङ्कर चालक सिरहाको कर्जना नगरपालिका–३ का अन्दाजी ३२ वर्षीय मिथलेश यादवसमेत घाइते भएका छन् । उनको धर्मेश्वर अस्पताल ठेलियामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# बढ्दो लागुऔषध कारोबारः एक महिनामा ३० जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले एक सय ९२ किलोग्राम चरेश र दुई सय ९७ किलोग्राम गाँजासहित पटेर्वासुगौलीबाट एक जनालाई पक्राउ गरेको छ । विशेष सुराकीका आधारमा बिहीबार साँझ पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर १ मुडलीका ४० वर्षीय फुलसरिफ मियाँलाई गाँजासहित पक्राउ गरिएको पर्सा प्रहरी प्रमुख एसपी कुमोध ढुंगेलले जानकारी दिए । एसपी ढुंगेलका अनुसार पक्राउ परेका मियाँको साथमा शुरुमा ३० केजी गाँजा बरामद भएको र पछि सोधपुछका क्रममा थप १९२ केजी चरेश र २६७ केजी गाँजाको धुलो बरामद गरिएको हो । नेपाल भारत खुला सीमानाका कारण लागुऔषधको कारोबार नेपाल र भारत दुबै देशका लागि चुनौति रहेको एसपी ढुंगेलले बताए ।
यस्तै, पर्सा प्रहरीले साउन महिनामा मात्रै लागुऔषध कारोबारमा संलग्न ३० जनालाई पक्राउ गरेको छ । साउन महिनामा चार करोड ८६ लाख बराबरको इलेक्ट्रिक चुरोट (भेप) समेत बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ ।
पर्सा प्रहरीकाअनुसार एक महिनाको अवधिमा दुई हजार ६३८ सवारी चालक ट्राफिक कारबाहीमा परेका छन् भने २१ लाख १३ हजार राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्षको साउन महिनामा भन्सार छली चोरी पैठारी गरी ल्याइएको करिब आठ करोड ३० लाख रुपैयाँ बराबरको सामानसमेत बरामद भएको पर्सा प्रहरीले जनाएको छ ।

# चार पालिकामा जीटूसीटू परियोजना शुरु

**जनकपुरधाम ।**
मधेश प्रदेशका राजधानी जनकपुरधाम उपमहानगरपालिकासहित चार पालिकामा 'ग्लोबल गर्ल्स क्रिएटिङ चेञ्ज' परियोजना शुरु भएको छ । परियोजना सुरुआत गर्दै मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोदकुमार जयसवालले मानवीय विकास सूचकाङ्कमा पछि परेको मधेशको विकासमा यो परियोजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।
प्रदेश सरकारले बालिका संरक्षण ऐन ल्याएर 'केटी जिन्दावाद' अभियान शुरु गर्न लागेको उनले जानकारी दिए । उनले यस अभियानमा सहयोग गर्न सबैलाई आग्रह गरे ।
'मधेश प्रदेश विकास सूचकाङ्कमा अन्य प्रदेशको तुलनामा कम छ', उनले भने, 'यस परियोजनाको सफल कार्यान्वयनको लागि सङ्गठनलाई पूर्ण समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।' परियोजनाको उद्देश्य महिलाहरू र बालिकाहरूलाई लक्षित गरी समावेशी जलवायु क्रियाकलापका लागि युवा नेतृत्व तयार पार्नु रहेको छ । समान र समावेशी जलवायु नीतिहरू तथा क्रियाकलापहरूको नेतृत्व र आकार दिन आयोजनाले सहयोग गर्ने बताइएको छ । रासस

# शपथ ग्रहण समारोह सम्पन्न

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नवनिर्वाचित कार्यसमिति श्री रामजानकी सुदी कुट्टीले शपथ ग्रहण तथा प्रमाणपत्र वितरण गरेका छन् । निर्वाचन आयुक्त राजकुमार महासेठले नवनिर्वाचित अध्यक्ष रामवलक महतो, निवर्तमान अध्यक्ष रतन पुर्वे, नेपाल वैश्य कल्याण महासंघका राष्ट्रिय अध्यक्ष अमर नाथलगायत सबै सदस्यलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् । गुप्ता, रामबाबू साह, राजकुमार साह, रामचन्द्र पञ्जियार, हरि राउत, श्याम साह लगायत धेरैको उपस्थिति रहेको थियो ।

# अन्जु यादवको स्वरमा 'सोमेश्वरनाथ' गीत सार्वजनिक




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गायिका अन्जु यादवको स्वर रहेको 'सोमेश्वरनाथ' भक्ति गीतको भिडियो सार्वजनिक गरिएको छ । सरोज मण्डलको शब्द तथा शैलेन्द्र विश्वकर्माको सङ्गीत रहेको उक्त भक्ति गीतको भिडियो जननी फिल्म्स नामक युट्युबबाट विहीबार साँझ सार्वजनिक गरिएको हो । लक्ष्मीनिया गाउँपालिका वडा नम्बर १ स्थित सोहनी धाममा अवस्थित सोमेश्वरनाथ महादेवको महिमा मण्डन तथा मन्दिर आसपास क्षेत्रमा छायाङ्कन गरिएको भिडियोमा बिनिता ऋषी र शुभक यादव लगायतले अभिनय गरेका छन् ।
सोमेश्वरनाथ मन्दिरको प्रस्तति रहेको भिडियोमा निर्देशन राजु राजदेव चौधरी तथा कोरियोग्राफी सञ्जय साहले गरेको भिडियोका परिकल्पनाकार हरिनारायण यादवले जानकारी दिए । उनका अनुसार क्यामेरा गणेश कुमार मण्डल, ड्रोन छायाङ्कन राजु सर्राफ तथा समन्वय रामबिनय यादवले गरेका छन् । उक्त गीतको अडियो ट्र्याप नेपाल तथा भिडियो सम्पादन छिन्नमस्ता फिल्म्समा गरिएको हो । मैथिली गायिका अन्जुले मैथिली, भोजपुरी, अवधी, मगही, राजवंशी, हिन्दी, थारु र नेपाली भाषामा पाँच सय भन्दा बढी गीत गाएकी छन् ।

# आँखा शिविरबाट १०२ जनाले लिए लाभ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ८ गहवामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । शुक्रबार राष्ट्रिय दलित पत्रकार संघ पर्साको आयोजना र सामुदायिक आँखा अस्पताल वीरगंजको सहयोगमा आँखा शिविर सम्पन्न भएको हो । उक्त आँखा शिविरबाट एक सय दुई जनाले आँखा परीक्षण गराएर लाभ लिएका छन् ।
आँखा परीक्षण गराएका मध्ये २५ जनामा मोतियाबिन्दुको समस्या देखिएको र आगामी आइतबार उनीहरुको आँखाको निःशुल्क शल्यक्रिया गरिने सामुदायिक आँखा अस्पतालका सञ्चालक डा.महेश सिंह धामीले बताए ।
राष्ट्रिय दलित पत्रकार संघ पर्साका अध्यक्ष श्याम पासवानको अध्यक्षतामा आयोजित शिविरमा नेकपा एकीकृत समाजवादीको पर्साका अध्यक्ष बालगोपाल थापा, राष्ट्रिय दलित पत्रकार संघका सल्लाहकारद्वय बृजलाल पासवान, सुवास राम, उपाध्यक्ष सुरेश बादल, दलित अभियान्ता निला राम, स्थानीय अगुवा उमेश ठाकुर, वडा सदस्य संगीता दासलगायतको सहभागिता रहेको थियो ।

# विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित बाल मन्दिर निम्न माध्यामिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।
धनुषा जेसीज जिल्ला कार्यसमितिका अध्यक्ष आशुतोष साहको पहलमा बिहीबार कापी, कलम, पेन्सिल, कटर र ज्यामिति बक्स वितरण गरिएको हो । कार्यक्रममा जेसीजका अध्यक्ष आशुतोष साहले बाल मन्दिरका प्रधानाध्यापक श्याम साहलाई अंगवस्त्र र रामचरित मानस ग्रंथ प्रदान गरी सम्मान गरेका थिए । सो अवसरमा पूर्वअध्यक्ष राजकुमार साह, मनोज साह, रञ्जित पञ्जियार, कोमल कुमारी मण्डल, निरज साह, गिरिजानन्द साह, वीरेन्द्र पासवान लगायतको उपस्थिति रहेको थियो ।

# नेपाली नागरिकता परित्याग गर्ने क्रम बढ्यो




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा नेपाली नागरिकता परित्याग गर्ने क्रम बढेको पाइएको छ । गत आर्थिक वर्ष २०८०–८१ मा पर्सा जिल्लाबाट नागरिकता लिएका १९ जनाले नेपाली नागरिकता परित्याग गरेको जिल्ला प्रशासन कार्यालयको तथ्यांकले देखाएको छ । विगत तीन वर्षको तुलनामा गर्दा आर्थिक वर्ष २०८०–८१ मा सबैभन्दा बढी व्यक्तिले नेपाली नागरिकता परित्याग गरेको पाइएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९–८० मा ६ जनाले पर्साबाट नेपाली नागरिकता परित्याग गरेका थिए । त्यस्तै, आर्थिक वर्ष २०७८–७९ मा १२ जनाले पर्साबाट नेपाली नागरिकता परित्याग गरेका थिए । जिल्ला प्रशासन पर्साका अनुसार जिल्लामा नक्कली कागजातको आधारमा नेपाली नागरिकता लिने भारतीयसहित विदेशमा अध्ययन तथा काम गर्न जाने नेपाली नागरिकले अमेरिका, बेलायत, क्यानडालगायतका मुलुकमा ग्रिन कार्ड तथा पिआर पाएपछि नागरिकता परित्याग गर्ने गरेको पाइएको हो ।
जिल्ला प्रशासन कार्यालय पर्साका प्रवक्ता एवं सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबु अधिकारीका अनुसार पछिल्लो समय आएको राष्ट्रिय परिचय पत्रमा बायोमेट्रिक गर्ने सुविधाले गर्दा दोहोरो नागरिकता लिनेहरु समातिने डरले पनि दोहोरो नागरिकताधारीले आफैँले नागरिकता परित्याग गर्ने गरेका छन् ।
२०८०–८१ मा पर्सा जिल्लाबाट १७ हजार ६२९ जनाले नयाँ नागरिकता लिएका छन् । गत आर्थिक वर्षमा १३ हजार ३४२ जनाले नेपाली नागरिकताको प्रतिलिपी जिल्ला प्रशासन कार्यालय पर्साबाट लिएको तथ्यांकले देखाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

जन विकास शिक्षा प्रा. लि. संस्थाको आर्थिक सहयोगमा शैक्षिक कार्यक्रम मधेश प्रदेशको सबै जिल्लाहरुका सबै स्थानीय तहहरुमा अगामी भाद्र ७ गतेदेखि आश्विन १५ गते भित्र कार्यक्रम सम्पन्न गर्नु पर्ने भएकोले यस संस्थासँग समन्वय, सहकार्य गरेर कार्यक्रम संचालन गर्न इच्छुक गैर सरकारी संघ संस्था र प्राइभेट फर्महरुलाई यहि मिति २०८१।०५।०५ गते भित्र आफ्नो संस्थाको कागजातहरु पेश गर्न अनुरोध गरिन्छ।
नोटः- यस संस्थालाई १ जना कम्प्यूटर चलाउन सक्ने कर्मचारी चाहिएकोले इच्छुक व्यक्त सम्पर्क गर्नुहोला (महिलालाई प्राथमिकता दिनेछ।)

**सम्पर्क ठेगाना :**

**जन विकास शिक्षा प्रा. लि.**

**प्रादेशिक कार्यालय जनकपुरधाम-७, जिरोमाइल**
**(श्याम-श्रवण पेट्रोल पम्पको अगाडी, धनुषा)**
**सम्पर्क व्यक्ति प्रबन्धक निर्देशकः राजकुमार कुँवर**
**सम्पर्क (घट सम्पर्क नं.**-9766325371, 9820106300)
**इमेलः** jbsnepal22@gmail.com

## सम्पादकीय

# खेलकुदः नेता खेल्ने खेलाडी कुद्ने

*पटक पटक विश्वकप खेलेका जापानीका चर्चित मिडफिल्डर केइसुके होन्डा गत मंगलबार भुटानको पारो एफसीको तर्फबाट दशरथ रंगशालामा उत्रिएका थिए । विश्व चर्चित फुटबलर काठमाडौँको रंगशालामा आउने भएपछि नेपालका फुटबर प्रेमी ‘एक्साइटेड’ भएका थिए ।*

*तर खेल हुनु अघि उनले आफ्नो करियरकै खराब खेल मैदान देखेको भन्दै दशरथ रंगशालाबारे टिप्पणी गरे । विश्वकप, विभिन्न लिग तथा क्लबबाट विश्वस्तरीय रंगशालामा खेलेका उनलाई दशरथ रंगशाला अलि कम गुणस्तरीय लाग्थ्यो होला तर उनले अहिलेसम्म खेलेको रंगशाला मध्येको ‘झुर रंगशाला’ भनेपछि यसले नेपाली खेलप्रेमी र सरोकारवाला निकायलाई गिज्याएको छ ।*

*गत भदौ तेस्रो हप्ता सम्पन्न भएको काभा एसीयन महिला भलिबल प्रतियोगिताको सम्पूर्ण खेल दशरथ रंगशालासँगै रहेको राष्ट्रिय खेलकुद परिषद्को एक मात्र भलिबल कोर्टमा खेलाइएको थियो । फाइनलमा भारतसँग पराजित भएर उपविजेतामा बनेको नेपाली टोलीको प्रस्तुतिले नेपालको राष्ट्रिय खेल भलिबललाई थप चर्चित बनायो । क्रिकेट र फुटबल पछिको चर्चित र दर्शक खचाखच पुग्ने खेल मानिएको भलिबलको अवस्था देशैभरी राष्ट्रिय स्तरको एउटा मात्र कोर्ट रहेको बाट प्रस्ट हुन्छ ।*

*क्रिकेटका लागि एक मात्र त्रिवि क्रिकेट मैदान, फुटबलका लागि एक मात्र दशरथ रंगशाला, भलिबलका लागि त्यहीँ राखेपको भलिबल कोर्ट बाहेको केही पूर्वाधार नहुनु यो देशका लागि दुर्भाग्य र खेलप्रमीका लागि दुःखको कुरा हो ।*

*आजको खेलकुदको पूर्वाधार, मानसिकता, ढाँचा, जनशक्ति र बुझाईको स्तरबाट नेपालको खेलकुदको विकास सम्भव छैन । देश संघीयतामा गइसकेको अवस्थामा सात वटै प्रदेशमा खेलका पूर्वाधार हुन जरुरी छ । सुधार नीति र ऐनको प्रस्तावनाबाटै सुधार गर्न जरुरी छ, हैन भने गन्तब्य सहज छैन । हामीले विकेन्द्रिकरणको नाममा मान्दै आएको संघीयता र एउटा फगत राजनीतिक पद्धती मात्र हो, त्यसैलाई नेपाली खेलकुदको परिवर्तन बुझ्न गलत हुन्छ । आधुनिक खेलकुदको विषयलाई बुझ्नु र अघि बढाउनु आजको आवश्यकता हो ।*

*हामीले खेलकुदको प्रस्तावनामै स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भनेका छौं । अबको विश्व खेलकुद स्वास्थ्यका लागि मात्र भनेर हुँदैन । खेलकुदमा राज्यको प्राथमिकता र लगानी निकै कम छ । कम लगानीमा हामीले ठूलो अपेक्षा र सम्भावना खोज्नु मुर्खता जस्तै हुन्छ । नीति र ऐनको प्रस्तावनामै परिवर्तन जरुरी छ । खेलकुदको अबको लक्ष्य र दृष्टिकोण प्रस्ट हुन जरुरी छ ।*

# मिथिलामा गुञ्जदै झुला गीत

**महोत्तरी।**
मधेशको मिथिलाक्षेत्र अहिले भक्तिमा डुबेको छ। शिव आराधनाको साउन र साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने झुला उत्सवले मिथिला अहिले भक्तिमय बनेको हो। अहिले मिथिला क्षेत्रका मठमन्दिर झुलनोत्सवका गीतले गुञ्जित छन्। साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने झुलाउत्सवमा सीता र राम एवं राधा र कृष्णका प्रतिमा झकिझकाउ झुला (डोली वा झोलुङ्गा, कोक्रो) मा राखेर झुलाइन्छ। झुला पर्वमा गाइने झुला, मलार र कजरी लयका गीत भक्तिरसले भरिएका हुन्छन्। कुनैमा राधाकृष्णको र कुनैमा रामसीताका प्रसङ्ग हुन्छन्। सबै गीतमा झुलाकै वर्णन हुन्छ।

*‘झुला झुले जनकदुलारी,*
*झुले सुकुमारी ना....!’ यी पङ्तिमा सीताजी झुला झुलेको वर्णन छ।*
*यसैगरी यस पर्वमा कैयन गीत र भजन गाइन्छन्।*
*‘झुला झुले अवधविहारी लाल,*
*सँगमे सुकुमारी झुले ना...!’ (श्रीराम झुला झुल्दैछन्, साथमा जानकी पनि झुल्दैछन्)।*

रामसीता, राधाकृष्णका प्रसङ्ग जोडिएका हुँदा यो पर्व भगवान विष्णु र देवी लक्ष्मीसँग सम्बन्धित रहेको मैथिली लोकसंस्कृतिका ज्ञाता बताउँछन्। राम कृष्ण दुबै विष्णुका र सीता, राधा लक्ष्मी स्वरुपा (अवतार) मानिने हिन्दू जनविश्वास छ। यसैले झुला पर्व विष्णुलक्ष्मी आराधना र सेवासँग सम्बन्धित रहेको मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर–५ पतैलीका बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ।

झुला पर्वमा गाइने गीतमा अवध (अयोध्या), जनकपुरधाम र वृन्दावनका प्रसङ्ग पाइन्छन्। कृष्ण र वृन्दावन वर्णनका यी पङ्क्ति पर्वविशेषमा खुबै सुनिन्छन्।

*‘झुला लागल वृन्दावन ना...,*
*आयल सावन सयविसु सुहावन*
*झुला लागल वृन्दावन ना...!*
*झुला झुले कृष्णमुरारी,*
*झुला लागे कदमके डाली,*
*झुले कृष्णमुरारी ना....!’*

(वृन्दावनमा झुला लागेको छ। अत्यन्त रमणीय (सुशोभित) साउन महिनामा वृन्दावनमा झुला लागेको हो। झुलामा कृष्णमुरारी झुल्दैछन्। कदम (कदम्ब, राम्रो पूmलको वृक्ष) का हाँगामा झुला (पिङ) लागेको छ। जसमा कृष्णमुरारी झुल्दैछन्)। राम सीताको होस् वा राधा कृष्णको होस्, झुला पर्वको वर्णनमा उपवन (वन, बगैंचा) का आँप, कदम्ब वा यस्तै सुवासयुक्त वृक्षका हाँगामा झुला (पिङ्) भुण्ड्याइएको र त्यसमा आफ्ना प्रियतमा साथ राम, कृष्ण झुलेका गीतमा भाव समेटिएका छन्। साउनको बर्खाले जताततै हरियाली हुने बेला धान रोपाइँ सकेर बगैँचाका आँप, कदम्बलगायतका वृक्षका हाँगामा लच्कदै पिङ खेलिने मिथिला संस्कृतिसँग जोडिएको पक्ष रहेको प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ। झुला गीतमा साउनको वर्णन भने बाक्लै पाइन्छ।

*‘सावनमे उपवन खिले,*
*झुला झुले नन्दकिशोर !*
*आमक डाइरमे लागल*
*हिरोला झहरय नभ घनघोर !!*

**गोपालप्रसाद बराल**

(साउनमा वनभरि पूm ल खिल्छन्, उपवन हराभरा हुन्छ। यसैबेला श्रीकृष्ण झुला झुल्छन्। आँपको हाँगामा मच्चिदा त्यहीबेला आकाशबाट जल वर्षा हुन्छ) आँपको हाँगा समातेर मच्चिदा पातमा जम्मा भएका बर्सात्को पानी झरेको प्रसङ्ग यहाँ कोट्याइएको छ।)

साउनको पनि पछिल्लो शुक्लपक्ष मिथिलामा मुख्य बाली धान रोपेर सकिएपछिको समय हुन्छ। यतिखेर किसान मन्दमन्द पानी परिरहोस् भन्ने कामना गर्छन्। यसैबेला धानको रोपो हरियो फेरिएर लहलहाएको दृश्यले किसान आफ्नो मेहनतप्रति मख्ख पर्छन्। प्रकृतिले जताततै सुन्दरता बिखेरेको यो बेला रमाउन नै मैथिल (मिथिलाका बासिन्दा) आफ्ना इष्टदेवदेवी राम, कृष्ण एवं सीता, राधासँग खेलेको अनुभूति सँगाल्न झुला पर्वमा रमाउने गरेका जलेश्वरकै बखरीटोलका बासिन्दा तथा मिथिला लोकसंस्कृतिका ज्ञाता ८५ वर्षीय महेश्वर राय बताउनुहुन्छ। मिथिलाको यो लोकसंस्कृतिसँग जोडिएको खास पर्व बनेको छ। घरघरमै यो पर्व मनाइन्न। आफ्ना बस्ती नजिकका मठमन्दिरमा सामूहिक रुपमा भगवानलाई झुला झुलाउँदै मैथिल यो अवधिभरि गीत, भजनकीर्तन र नृत्यमा रमाउँछन्। पर्वमा नेपाल र भारतका मठमन्दिरमा सराबरी ओहोरदोहोर देखिन्छ। नेपालका भारतीय सीमा क्षेत्रका मठमा भारतीय र भारतकै सीमाक्षेत्र नजिकका बस्तीस्थित मठमन्दिरमा नेपाली भरिभराउ हुन्छन्। सीमाक्षेत्रका दुबैतर्फका भाषा, संस्कृति र समान रहनसहनसँगै बिहाबारीको बाक्लो सम्बन्धले अन्य मुलुकमा छु भन्ने कसैको सोचमै देखिदैन। अहिले पर्वका बेला मुलुककै मठहरुको नायक मानिने मटिहानीस्थित लक्ष्मीनारायण मठमा भारतका कैयौं मठमन्दिरका देवीदेवताका प्रतिमा झुला झुलाउनै ल्याइएका छन्। झुला उत्सवका लागि छुट्टै घर निर्मित गरिएको हुन्छ, जसलाई झुलाघर भनिन्छ। अहिले प्रत्येक साँझ सीता र राम, लक्ष्मी र नारायण एवं राधा र कृष्णका प्रतिमा मन्दिरबाट झुलाघरमा ल्याई विशेष रुपले सजाइएका कोक्रामा राखेर श्रद्धालुले भक्तिगीत गाउँदै हल्लाउने (झुलाउने) गर्छन्। साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने यो उत्सवका लागि वरपरका कैयन मठमन्दिरका प्रतिमा अहिले मटिहानी ल्याइएका छन्। प्रत्येक साँझ आयोजन हुने यो उत्सवमा सर्वसाधारण सरिक हुँदै आएका छन्। ‘हाम्रा परम्पराका अधिकांश पर्व आफ्नै घरमा मीठोमसिनो खाएर मनाइने छन् , तर झुला मठमन्दिरमै जम्मा भएर मनाइन्छ , यो हाम्रो विशेष पर्व हो” मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल भन्नुहुन्छ, “हामीले पर्वका लागि बर्सेनि झुलाघर रङ्गरोगन, सरसजावट र अभ्यागत (पाहुना, अतिथि) बसोबासको प्रबन्ध गर्दै आएका छौं ।’ पर्व अवधिभरि झुलाघरमा भगवान र भगवतीलाई झुलाइएपछि दैनिक आरती र भोग लगाइएको विशेष प्रसाद सबैलाई बाँड्ने गरिएको छ।

यो पर्वमा देवीदेवतालाई विशेष डोली आकारको सिंहासनमा राखेर झुलाउने मुख्य विधि हो। खासमा बालरुप कृष्ण र रामको सम्झनामा यो पर्व परम्परा चलेको मिथिला लोकसंस्कृति तथा परम्पराका जानकार बताउँछन्। माता कौशल्या र यशोदाले राम र कृष्णलाई बालख छँदा झोलुङ्गोमा राखेर हल्लाउनु भएको प्रतीकका रुपमा यो पर्व परम्परा चलेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ। भगवानका बालरुप आनन्ददायक मानिने हुँदा श्रद्धालुले यो चलन बसालेका झाको भनाइ छ। झुलामा प्रतिमा राखेर झुलाइने क्रममा गीत, कथा र लीलासन्दर्भका गाथा सुनाइन्छन्। प्रतिमा झुलाउने क्रममा भक्तिमा डुबेका श्रद्धालु कीर्तन गाउँदै नाच्छन्। पर्वभरि झुलाघरमा उत्सवमा सहभागी हुनेको भीड लाग्छ। यो पर्व मटिहानीका अतिरिक्त जनकपुरस्थित मठमन्दिरमा आयोजन हुँदै आएका छन्। झुला उत्सवमा मिथिलाको लोकलयमा झुला, मलार र कजरी गीत गाइने चलन छ।

मिथिलामा झुला उत्सव जानकी मन्दिरका आदिसन्त सुरकिशोर दासले सुरु गराएको मानिन्छ। यो १७८७ सालतिर सुरु भएको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ। सन्त सुरकिशोर दास र वैदेही (जानकी, सीता) बीच सिधा सम्पर्क हुन्थ्यो भन्ने जनविश्वास छ। सन्त सुरकिशोरलाई वैदेहीले साउन शुक्लपक्षमा यो पर्व मनाउन भनेपछि जनकपुरमा झुला सुरु भएको बताइन्छ। यो चलन रामजन्मभूमि अयोध्या र कृष्णको बाललीला स्थान मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको डा. विमलको भनाइ छ।

मिथिलामा धानको रोपाइँ सकिनासाथ सर्वसाधारण झुला उत्सवमा रमाउने गर्छन्। यसैबेला मैथिल किशोरकिशोरी र युवायुवती बगैंचाबगैंचा डुल्दै आँप र कदम्ब (कदम) का हाँगामा मच्चिएर झुलाको आनन्द लिन्छन्। यसरी बगैंचामा वृक्षका हाँगामा मच्चिएर झुल्दै युवायुवती आआफ्ना प्रेमीप्रेमिकाको सम्झना गर्छन्।

*‘छल मनोरथ आओत मास सावन यो,*
*हमर बालम किछु नई जानथी*
*तेजी गेला विदेश यो !*
*साओन हे सखी सर्व सोहाओन*
*फुलय बेलीचमेली यो,*
*ताही सौरभ भ्रम लुबधल करय*
*मधुर रस केली यो !!*
*(मनमा थियो, साउन महिना आउनेछ। तर छलछाम केही नजान्ने मेरा प्रेमी अहिले मलाई*

छाडेर विदेश गएका छन्। साउनको बेला हे सखी बेलीचमेली पूm ल फुलेर सुशोभित देखिन्छ। यी पूmलको सुगन्ध युक्त बास्नाले भमरा लोभिएर फूलको मिठासयुक्त रसमा लठ्ठिदा छन्)साउन शुक्लपक्षमा विदेसिएका प्रेमीको सम्झना गर्दै मैथिल युवतीले यसरी बिरह पोख्छन्। मिथिलाको १३ दिने झुला उत्सव साउन पूर्णिमाको मध्यरातमा भगवानलाई झुलाइने कोक्राको डोरी छिनाएर समापन गरिने चलन छ।

मिथिला लोकसंस्कृतिको केन्द्र रहँदै आएको जनकपुरधाममा सीताजीको विवाहमा राजा जनकले दिएका दाइजोका सामानको थुप्रो लागेर पहाडजस्तै बनेको जनश्रुति छ। जसलाई अहिले मणिपर्वत भनिन्छ। साउन शुक्लपक्षको त्रितीयाका दिन यसै मणिपर्वतको पूजा गरेर झुला उत्सव सुरु गर्ने मैथिल परम्परा छ। भगवत सेवा र सामिप्यता यस पर्वका खास आकर्षण रहेका मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णव बताउनुहुन्छ। रासस

# जलवायु क्षेत्रका ५० अभियान्ताका पाँच प्रतिबद्धता



वातावरणीय न्यायमा काम गर्ने ५० जना अभियान्ताहरुले जलवायु परिवर्तनको जोखिम कम गर्दै र चाडपर्वलाई वातावरणमैत्री बनाउन देशव्यापी अभियान सुरु गर्ने घोषणा गरेका छन् । उनीहरुले आज काठमाडौँ आयोजित एक कार्यक्रमकाबीच कार्बन उत्सर्जन घटाउने विभिन्न पाँच बुँदामा सामुहिक प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका हुन् । त्यसमा फोहोर घटाउने, प्लास्टिकको प्रयोग कम गर्ने, सामानको



पुनःपयोग गर्ने, वातावरण जोगाउन जनचेतना लगाउनेलगायत छन् । वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा काम गर्दै आएको साथसाथै फाउण्डेशनले वन तथा वातावरण मन्त्रालयको सहकार्यमा आयोजना गरेको कार्यक्रममा नयाँ अभियानको थालनी गरिएको हो।

साथसाथैका अध्यक्ष प्रजिता कार्कीले तीजलगायतका चाडपर्वलाई वातावरणमैत्री र हरियाली बनाउन संस्थाको कार्यक्रम केन्द्रित हुने जानकारी दिए। ‘हरित तीजका लागि महिलाले परिवर्तनको नेतृत्व गरिरहेका छन्’, उनले भने, ‘साथसाथैले नजिकिएको तीज पर्वलाई लक्षित गरी वातावरणीय पक्ष ख्याल गर्दै ‘ग्रीन, वुमन लिडिङ द चेन्ज’ कार्यक्रम सुरु गरेको हो।’ पचास जना अभियन्ताहरुमा भूमिका श्रेष्ठ, रेखा थापा, सुनिता बराल, बिना लामा, प्रदा कार्की, श्रद्धा श्रेष्ठ, निमा ग्याल्जेन शेर्पा, मित्र जिरेल, रेणुदेवी साह, सुजनकुमारी बर्देवा, रोजिना प्रधान राई, सृच्छा प्रधान, लिवर्टी भण्डारी, रिना चौधरी, अस्मिता बादे, गौरा नेपाली, स्मृति शर्मा, देविका राई रहेका छन् । त्यस्तै कृष्णा कार्की, सीता मिजार, उमा प्रधान, जोनी मैनाली, बिमला तुम्खेवा, विनिता कठायत, उषाकिरण भण्डारी, अञ्जिला सुब्बा, इन्दु बर्मा, अरुणा साह,पार्वता चौधरी, रञ्जु दर्शना, रोशनी अधिकारीलगायत छन् । अभियन्ताहरु राजनीति, शिक्षा, स्वास्थ्य, कानुन, खेलकुद, बैंक तथा वित्तीय संस्था, पर्यटन, कृषि, कलाकारिता, पत्रकारितालगायत क्षेत्रमा क्रियाशील छन् । साथसाथैले विगत तीन वर्षदेखि वातावरण एवम् जलवायु न्यायका लागि क्रियाशील रही जलवायु परिवर्तन्को असर र त्यसका न्यूनीकरणका लागि विभिन्न प्रदेशमा पुगी रचनात्मक काम गर्दै आइरहेको छ । संस्थाले वर्षभरी नै विभिन्न सांस्कृतिक पर्वलाई वातावरणीय दृष्टिले हरितमैत्री बनाउन विभिन्न कार्यक्रमहरु तय गरेको छ। त्यसमा यस्ता पर्वलाई हरितमैत्री बनाउन सामानको पुनःप्रयोग गर्ने, प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने, चाडपर्वलाई वातावरणमैत्री बनाउने लगायत छन्। अभियान घोषणा कार्यक्रममा अभिनेत्री रेखा थापाले प्रकृतिको संरक्षणका लागि जलवायु परिवर्तनको जोखिम नियन्त्रण गर्न जागरुक हुनुपर्नेमा जोड दिइन्। हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि बोलेर मात्रै नभई कार्यान्वयन तहमा जानुपर्ने खाँचो रहेको उल्लेख गर्दै आफ्नो गाउँपालिकाले प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरेको बताए। नेपाल पर्यटन बोर्डका निर्देशक श्रद्धा श्रेष्ठले जलवायु परिवर्तनले सबैभन्दा बढी नेपालको पर्यटन क्षेत्रमा असर परेको, हिमाली पर्यटन, पर्वतारोहण र पदयात्रामा प्रभाव पारेको भन्दै यसको जोखिम न्यूनीकरणमा सबै सक्रिय रुपमा लाग्नुपर्नेमा जोड दिए । अधिकारकर्मी सरु श्रेष्ठ जोशीले चाडपर्वमा फजुल खर्च घटाएर पुराना कपडाको पुनःप्रयोगलाई प्रोत्साहन गर्दै त्यसलाई वातावरणमैत्री बनाइनुपर्ने बताए। अभियन्ता भूमिका श्रेष्ठले चाडपर्वलाई तडकभडक नभई क्षमता अनुसार मनाइनुपर्ने बताए। जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई पनि सहभागी गराइएकोमा खुशी व्यक्त गरे। अभियन्ता सविना काफ्लेले वातावरणलाई ख्याल राखेर चाडपर्व मनाईनुपर्ने धारणा राखे। अभियन्ता यमुना घले र कृष्णा कार्कीले जलवायु र वातावरणमैत्री अभियानलाई सशक्त र प्रभावकारी बनाइनुपर्ने खाँचो औंल्याए। रासस

# ‘सामाजिक सञ्जालको दुरुपयोगले बैंकिङ प्रणालीमा असर’



**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कतिपय व्यक्तिले सामाजिक सञ्जालको दुरुपयोग गर्दा बैंकिङ प्रणालीमा असर हुँदा त्यस्ता व्यक्तिहरुमाथि कानुनी कारबाहीको व्यवस्था राख्नुपर्ने बताएका छन् । शुक्रबार सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थ समितिमा बैङ्किङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि भएको छलफलमा उनले ऐनमा नै त्यस्ता व्यक्तिले कसुर गरेको ठहर्ने गरी व्यवस्था राख्न जरुरी रहेको औँल्याए ।
उनले भने, ‘एकजना व्यक्तिका पछाडि लाखौँ फलोअर्स छन् । त्यो व्यक्तिले यो बैंक डुब्दै छ, यो बैंक सुरक्षित छ, जस्ता कुरा गरेर बैंकको पैसा नतिर्नौं मिनाहा गरिदिन्छु भनेर आह्वान गर्ने र उसका १० हजार फलोअर्सले मात्रै केही समय पैसा तिरिदिएनन् वा बैंकमा लाइन लागे भने बैंकिङ प्रणाली नै कोल्याप्स हुने अवस्था रहेको छ ।’ उनले सहकारी मात्रै नभइ यस्तै अवस्था रहने हो र उनीहरुले छुट पाइरहने हो भने कुनै पनि बैंक समस्यामा पर्न सक्नेतर्फ समितिको ध्यानाकर्षण गराए । सोसल मिडियाको दुरुपयोगका कारण यो क्रियाकलाप बढ्दो रहेको उल्लेख गर्दै उनले भने, ‘यसैले कोही व्यक्तिले त्यसरी बैंकप्रति दुस्प्रचार गर्छ । बैंकको मान्यताभन्दा बाहिर गएर उसले काम गर्छ भने त्यो कसुरजन्य काम स्थापित गरिनुपर्छ ।’
उनले उदाहरण दिँदै अहिले नेपालको बैंकिङ प्रणालीमा त्यस्तै समस्या परिरहेको पनि बताए । उनले भने, ‘केही व्यक्तिले यस्तै काम गरिदिँदा गत एक÷डेढ वर्षदेखि एक त रिकभरी समस्या भइरहेको छ, कसैले २० लाखसम्म नतिरे हुन्छ भनिरहेका छन्, कसैले पाँच लाख नतिरे हुन्छ भनेर नेतृत्व गरेर हिँडिरहेका छन् । उनीहरुलाई हामीले केही गर्न सक्देनौं किनकी हाम्रो वातावरण यस्तै छ । अर्कोतर्फ तिरेनौं भने हामीले थप लोन किन दिने फेरि फस्ला भनेर बैंकक डराइरहेका छन् । यसबारे गम्भिर रुपमा समितिमा छलफल हुन जरुरी छ ।’ उनले बैंकिङ प्रणाली फेल भयो भने एउटा बैंक मात्रै नभइ समग्र प्रणालीमा असर गर्ने हुँदा त्यस्ता प्रचारप्रसार माथि कसुर तोकिनुपर्ने सुझाव दिए ।
उनले चेक अनादरले पब्लिकको डिपोजिटलाई दुरुपयोग हुने वित्तीय दायित्वलाई खलल पार्ने र समग्र आर्थिक प्रणालीलाई नै असर पार्ने हुँदा यसलाई कसुर मानिनुपर्छ भनेर यो ऐन २०६४ सालमा सुरु भएको जानकारी दिँदै अब चेक अनादर आर्फैमा लेनदेन र देवानीको विषय हो वा सरकारबादी फौजदारी विषय हो भनेर समितिमा गम्भिर छलफल गर्न जरुरी रहेको सुझाव दिए । महान्यायाधिवक्ता रमेश बडालले प्रस्तावित विधेयकको दफा ४ मा अनाधिकृत रुपमा कर्जा लिन दिन हुँदैन भन्ने कुरामा सावाँ, ब्याज हर्जना सबै तिर्छ भने यो विषयमा मुद्दा चलाउने कि नचालाउने भन्ने प्रश्न रहेको बताए । उनले नक्कली कागजात राखेर प्रणालीमा आक्रमण गर्न खोज्यो वा नक्कली कार्ड बनाएर, ह्याक गरेर सिष्टममाथि प्रहार गर्नेको हकमा कसुरमा कुनै छुट नहुने उल्लेख गर्दै लेनदेनलगायतका बैंकिङ कसुरका घटनामा मिलापत्र गर्दा पनि राज्यलाई फाइदा नै पुग्ने बताए । उनले भने, ‘ठगी, ढुकुटीको कारोबारलाई अपराध घोषणा गरेका छौँ । ठगीमा मिलापत्र हुने अवस्था रहेको छ भने यसमा पनि व्यक्तिबीचमा भएको लेनदेन घटनामा मिलापत्रको व्यवस्था राख्दा समस्या हुँदैन ।’
उनले दफा ८ मा कर्जाको दुरुपयोग गर्न नहुने विषयमा सुझाव राख्दै उसले सबै राफसाफ गरेको खण्डमा अपराधिकरण घोषणको आवश्यकता नहुनसक्नेतर्फ ध्यानाकर्षण गराए । दफा ११ मा बैंकले कर्जा प्रवाह गर्ने सन्दर्भमा समयमा कर्जा प्रवाह गरेन र ऋणिलाई समस्या परेको खण्डमा पक्षका बीचमा समस्या समाधान गरेको खण्डमा पनि मिलापत्र गर्न सकिने गरी कानुनी व्यवस्था जरुरी रहेको उनले बताए । सजायको व्यवस्थाका विषयमा उहाँले चेक अनादरलगायतका विषयमा थोरै सजायकै व्यवस्था उपयुक्त हुने र विधेयकमा आएको व्यवस्था ठिकै रहेको सुझाव दिए । सरकारी बैंकले राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरी बैंकिग कारोकार गर्न गराउन हुँदैन भन्ने व्यवस्था राखिएकोतर्फ उनले राष्ट्र बैंक ऐनमै नराखेको खण्डमा समस्या उत्पन्न हुनेतर्फ पनि ध्यानाकर्षण गराएका थिए । रासस

# कर वृद्धिको विरोधमा व्यवसाय बन्द

**बागमती ।**
कर वृद्धिको विरोधमा व्यवसायीले आफ्नो व्यवसाय बन्द गरी हेटौँडा उपमहानगरपालिका कार्यालय अगाडि धर्ना बसेका छन् । मकवानपुर उद्योग वाणिज्य सङ्घको आह्वानमा व्यवसायीले आ–आफ्ना व्यवसाय बन्द गरेर उपमहानगरपालिका कार्यालय अगाडि धर्ना बसेका हुन् । सो क्रममा व्यवसायीले सदरको साँचोसमेत उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई बुझाएका छन् ।
हेटौँडा उपमहानगरपालिकाको नगरसभाले अर्थसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गर्दै करको दरमा वृद्धि गरेको विरोधमा व्यवसायी आन्दोलित भएका छन् । विश्वव्यापी आर्थिक मन्दीका कारण व्यापार व्यवसाय सङ्कटमा परेका बेला हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१–८२ मा घरवहाल करदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म राजस्व वृद्धि गरेकोले आन्दोलनमा मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णगुप्ता अग्रवालले बताए । राजस्व वृद्धिको निर्णय नसच्याएसम्म आफूहरु आन्दोलन जारी राख्ने उनको भनाइ छ । यता हेटौँडा उपमहानगरपालिकाले करको दरमा गरिएको हेरफेरको निर्णयबाट पछि हट्न नसक्ने जनाएको छ ।
उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले उपमहानगरपालिकाको १५औँ नगरसभाले अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गरी जारी भइसकेको अवस्थामा समयसीमाको उठाएको माग सम्बोधन गर्न नसकिने बताए । ‘स्थानीय सरकारले आर्थिक ऐन जारी गरेपछि करको दरमा तत्काल हेरफेर गर्न सकिँदैन’ उनले भने ‘अब आगामी आर्थिक वर्षमा के गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी टुङ्गो लगाउन सकिन्छ ।’ यसका लागि पहल भइरहेको उनको कथन छ । रासस

# साफ च्याम्पियनसिपको उद्घाटन खेल एन्फा कम्प्लेक्समा

**काठमाडौँ ।**
दक्षिण एसियाली फुटबल महासङ्घ (साफ)यु–२० च्याम्पियनपसिप फुटबल प्रतियोगिताअन्तर्गत नेपाल र श्रीलङ्काबीच हुने उद्घाटन खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा हुने पक्का भएको छ । दक्षिण एसियाली फुटबल महासङ्घ (साफ)ले पठाएको म्याच कमिसर अब्दुल हामिद अब्दुल गफरले शुक्रबार त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाका खेल मैदान निरीक्षण गरेपछि खेल खेल्न योग्य नभएको निष्कर्ष निकालेको हो । सोही निर्णयसँगै उक्त प्रतियोगिताका अन्य खेलहरु दशरथ रङ्गशालामा हुने सम्भावना कम भएको छ ।
अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले म्याच कमिसरले दशरथ रङ्गशालाको मैदान खेल्न योग्य नभएको बताएको जानकारी दिए । उनले यो निर्णय नै अन्तिम नहुने भन्दै म्याच कमिस्नरले साफमा खबर पठाएपछि उताबाट जे निर्णय आउँछ त्यही अन्तिम निर्णय हुने बताए । उक्त रङ्गशालाको निरीक्षण गर्न माल्दिभ्सका अब्दुल बिहीबार काठमाडौँ आइपुगेका थिए । उक्त प्रतियोगिताको खेल सुरुआतमा दशरथ रङ्गशालामा खेलाउने आयोजक एन्फाको तयारी थियो । तर वर्षाका कारण दशरथ रङ्गशालाको अवस्था नाजुक भएपछि कहा खेलाउने टुङ्गो लाग्न सकेको थिएन ।
एन्फा प्रवक्ता सुरेश शाहले प्रतियोगिताको सुरुआती खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने भन्दै आगामी दिनमा वर्षा सुधार भए दशरथ रङ्गशालामा सेमिफाइनल र फाइनल खेल गराउने सम्भावना कायमै रहेको बताए । यही साउन २९ गते दशरथ रङ्गशालामा नेपालको सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्बाइज युनाइटेड र भुटानको लिग विजेता पारो एएफसीबीच एएफसी च्यालेन्ज लिगको प्रारम्भिक छनोट खेल भएको थियो । त्यतिबेला वर्षाका कारण मैदान हिलाम्मे भएको थियो । जसका कारण दुवै टोलीले हिलाम्मे मैदानमा खेल खेलेका थिए । यसअघि पनि एएफसीले उक्त मैदानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न अयोग्य घोषणा गरेको थियो ।
साफ यु–२० च्यापिम्यनसिप आगामी भदौ २ गतेदेखि घरेलु मैदानमा हुँदैछ । भदौ १२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न ६ राष्ट्रको सहभागिता रहने छ । प्रतियोगिताका कतिपय टोली नेपाल आइसकेका छन् । समूह ‘ए’ मा आयोजक नेपालसँगै बङ्गलादेश र श्रीलङ्का तथा समूह ‘बी’ मा भारत, माल्दिभ्स र भुटान छन् । प्रतियोगिताको उद्घाटन खेलमा नेपाल र श्रीलङ्काबीच प्रतिस्पर्धा हुँदैछ । रासस

# सरकारले राखेको लक्ष्य पूरा गर्न मन्त्रीद्वारा निर्देशन



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवीकरणीय ऊर्जाको विकासका लागि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता नियमावली र संस्थाको सङ्गठन तथा व्यवस्थापन सर्भेलाई अगाडि बढाउन निर्देशन दिएका छ ।
केन्द्रको सञ्चालक समितिका अध्यक्षसमेत रहेका मन्त्री खड्काको अध्यक्षतामा शुक्रबार सिंहदरबारमा बसेको वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रको बोर्ड बैठकमा उनले मुलुकमा नवीकरणीय ऊर्जाको विकासका लागि आवश्यकपर्ने नियमावली र संस्थाको सङ्गठन तथा व्यवस्थापन सर्भेलाई अगाडि बढाउन निर्देशन दिएका हुन् ।
नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक–२०८१ हाल सङ्घीय संसद्मा प्रस्तुत भइसकेको छ । मन्त्री खड्काले नवीकरणीय उर्जा क्षेत्रको विकासका लागि सरकारले राखेको लक्ष्य पूरा गर्न वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र लाग्नुपर्ने बताए । केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले बैठकमा केन्द्रमार्फत आव २०८०–८१ सञ्चालित कार्यक्रम र आयोजनाको प्रगतिको समीक्षा, आव २०८१–८२ को वार्षिक कार्यक्रम तथा बजेट विस्तृतीकरण, केन्द्रलाई आवश्यकपर्ने जनशक्ति व्यवस्थापनलगायतमा छलफल भएको जानकारी दिए । रासस

# थाइल्याण्डमा ३७ वर्षीय निसावाला प्रधानमन्त्री

**एएफपी**
**बैङ्कक ।**
थाइल्याण्डको संसदले ३७ वर्षीया छोरी पाइटोङटार्न सिनावालालाई शुक्रबार प्रधानमन्त्रीमा निर्वाचित गरेको छ । गठबन्धनमा रहेका अन्य १० दलमध्ये कसैले पनि विकल्प अघि नसारेपछि फेउ थाई पार्टीले बिहीबार पाएटोङटार्नलाई आफ्नो प्रतिस्थापन उम्मेदवारको रुपमा चयन गरेको थियो छ ।
फेउ थाइ पार्टीले थाइल्याण्डको राजनीतिमा प्रभावशाली परिवार मानिने सिनावाला वंशका तेस्रो सदस्य पेटोङटार्नलाई प्रधानमन्त्री बनाउने निर्णय गरी संसदीय प्रक्रियामार्फत् अनुमोदनका लागि शुक्रबार नै संसदमा प्रस्तुत गरेको थियो । पाएटोङटार्नका बुबा थाक्सिन सिनावाला र फुपु यङलिङ सिनावालाले यसपछि नै प्रधानमन्त्रीको रुपमा सेवा गरिसकेका छन् । थाइल्याण्डको संवैधानिक राजतन्त्रको इतिहासमा उनी सबैभन्दा कान्छो नेता हुन् ।
राज्यको संवैधानिक अदालतले निवर्तमान प्रधानमन्त्री श्रेता थाभिसिनलाई फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गरेको भनी अदालतमा दायर मुद्दामाथि सुनुवाईपछि दोषी ठहर गर्दै पदमुक्त गरिएको थियो । पेटोङटार्न थाइल्याण्डको दोस्रो महिला प्रधानमन्त्री बनेकी छन् । सेना, राजावादी दलहरु र टेलिकम टाइकुन तथा कुनै समय म्यानचेस्टर सिटीका मालिकसमेत बनेका पूर्वप्रधानमन्त्री थाक्सिनसँग जोडिएका पपुलिस्ट पार्टीहरूबीच लामो समयदेखिको तनावपछि निवर्तमान प्रधानमन्त्री सेथाको बर्हिगमन भएको थियो ।
संसदको तेस्रो ठूलो दल भुमजैथाईले शुक्रबारको मतदानमा फेउ थाईका उम्मेदवारलाई समर्थन गर्न सहमत भएको जनाएको छ । सन् २०२२ को अन्त्यमा राजनीतिमा प्रवेश गर्नुअघि पाइटोङटार्नले होटेल क्षेत्रको व्यवसाय हेर्दै आएकी थिइन् । गत वर्षको आम चुनावको दौडान उनी चुनावी अभियानमा लगभग निरन्तर उपस्थित रहेकी थिइन् ।

# सहकर्मीको हत्यापछि चिकित्सकहरू हडतालमा



**एएफपी**
**नयाँदिल्ली ।**
सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रबार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाएका छन् । उक्त क्रुर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रित गरेको छ । पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया व्यक्तिको रगतले लतपतिएको र क्रुर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन शुरु भएको हो । नयाँदिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) अस्पतालबाट शुभ्राङ्कर दत्ताले शुक्रबार भने, ‘हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौँ ।’
धेरै राज्यका सरकारी अस्पतालहरुमा उनीहरुले विरोध स्वरुप सोमबार वैकल्पिक सेवाहरु ‘अनिश्चित कालका लागि’ बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा सङ्गठनहरुले हडतालको समर्थन गरेका छन् । हत्याको निन्दा गर्नका लागि हजारौँले बुधबार रातभर कोलकाताको सडकहरुमा जुलुस निकाले र मध्यरातमा भारतको स्वतन्त्रता दिवसको सुरुआतका साथ मैनबत्तीको उज्यालोमा जुलुस निकाले । इन्डियन मेडिकल एसोसिएसनले निजी अस्पतालहरुमा सबै अनावश्यक र चिकित्सा प्रक्रियाहरु निलम्बन गर्दै शनिबार २४ घन्टाका लागि ‘देशव्यापी सेवाहरु बन्द गर्न’ आह्वान गरेको छ ।
शिक्षण अस्पतालको सेमिनार हलमा हत्या गरिएकी चिकित्सक फेला परेको र उनी लामो सिफ्टका क्रममा केही समयका लागि आराम गर्न त्यहाँ गएको भारतीय सञ्चारमाध्यमले बताएका छन् । भारतीय प्रसारक एनडिटिभीका अनुसार शव परीक्षणले यौन दुर्व्यवहार भएको पुष्टि गरेको छ । अदालतमा निवेदनमा पीडितका बुबाआमाले आफ्नी छोरीमाथि सामूहिक बलात्कार भएको आशङ्का गरेका छन् ।
प्रहरीले अस्पतालमा व्यस्त लाइनमा सहयोगीको काम गर्ने एक व्यक्तिलाई हिरासतमा लिएको छ । राज्य सरकारका अधिकारीहरूमाथि यो विषयलाई दुरुपयोग गरेको आरोप लगाइएको छ । भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या हो । एक अर्ब ४० करोड जनसंख्या भएको मुलुकमा सन् २०२२ मा प्रतिदिन औसत करिब ९० बलात्कारको घटना रिपोर्ट गरिएको छ ।
धेरैका लागि आक्रमणको विभत्स प्रकृतिले सन् २०१२ मा दिल्ली बसमा एक युवतीमाथि भएको भयानक सामूहिक बलात्कार र हत्याँसँग तुलना गरेको छ । ती महिला महिलाविरुद्ध यौन हिंसाको सामना गर्न सामाजिक रुपमा रुढिवादी मुलुकको असफलताको प्रतीक बनिन् । उनको मृत्युपछि दिल्ली र अन्य स्थानमा ठूलो मात्रामा कहिलेकाहीँ हिंसात्मक प्रदर्शनहरू भए । दबाबमा सरकारले बलात्कारीहरूका लागि कठोर सजाय र बारम्बार अपराध गर्नेहरूका लागि मृत्युदण्डको व्यवस्था गर्यो ।
धेरै नयाँ यौन अपराध पनि सुरु भए । यसमा पछ्याउने पनि सामेल छ । साथै बलात्कारको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकारीहरूलाई अब जेल सजाय हुनसक्छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार महिलाविरुद्ध ‘राक्षसी’ कृत्य गर्नेहरूलाई तत्काल सजाय दिन माग गरे । ‘हाम्रा आमा र दिदीबहिनीमाथि भएको अत्याचारप्रति आक्रोश छ’ उनले भने, ‘महिलाविरुद्धका अपराधको शीघ्र छानबिन हुनुपर्छ, महिलाविरुद्धको राक्षसी व्यवहारलाई कडा र तत्काल सजाय दिनुपर्छ ।’ चिकित्सकहरूले स्वास्थ्यकर्मीहरूलाई हिंसाबाट बचाउन केन्द्रीय संरक्षण ऐन, विधेयक लागु गर्न माग गरेका छन् ।

# राससको सेवालाई थप परिष्कृत र परिमार्जित गर्दै लैजान्छौँः झा



**काठमाडौँ ।**
राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सेवाग्राही सञ्चारमाध्यमले दिएका सुझाव र सल्लाहलाई आत्मसात् गरी आफ्ना सेवालाई थप स्तरोन्नति गर्दै लगिने विश्वास दिलाएका छन् । रासस केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित 'रासससँग सेवाग्राहीका अपेक्षा' विषयक अन्तरक्रियामा अध्यक्ष झाले विभिन्न मातृभाषामा समाचार सम्प्रेषण र समाचार गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिइरहेको स्पष्ट पारे । 'विगतका तुलनामा सेवा विविधीकरण र गुणस्तरीय सेवा प्रवाहमा हरतरहले प्रयास गरिएको छ', उनले भने, 'आगामी भदौदेखि चौबिसै घण्टा समाचार सम्प्रेषण गर्ने तयारी गरिएको छ ।'

राससले समाचार उपलब्ध गराउँदै आइरहेको वेबसाइटलाई छिट्टै ग्राहकमैत्री बनाइने जनाउँदै अध्यक्ष झाले सेवाग्राहीले दिएका सुझावका आधारमा सेवालाई थप परिष्कृत र परिमार्जित गर्दै लगिने प्रतिबद्धता व्यक्त गरे । उनले संस्थाको सबैभन्दा ठूलो विश्वास र सम्पत्ति सेवाग्राही भएकाले उनीहरूका राय, सुझाव र परामर्श लिनका लागि वार्षिक 'क्यालेन्डर' नै बनाइएको जानकारी दिए । महाप्रबन्धक सिद्धराज राईले राससका सेवा गुणस्तर अभिवृद्धि, समाचार र तस्बिरको एकीकृत सम्प्रेषण, अन्तर्राष्ट्रिय समाचारको ठेट अनुवाद र चाँडो समाचार सम्प्रेषण होस् भन्ने सेवाग्राहीको सुझावलाई संस्थाले आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गरे । रासस सञ्चालक सदस्य डिल्लीराम भट्टराईले सेवाप्रवाहमा देखिएका कमीकमजोरीलाई सुधार्ने पाटोमा राससले ध्यान दिँदै गुनासालाई सुन्ने परिपाटीलाई स्थायी रूपमा लैजानुपर्ने बताए । नायब महाप्रबन्धक श्याम रिमालले राससबाट उपलब्ध भइरहेको सबै सेवाबारे सेवाग्राही सञ्चारमाध्यमलाई अवगत रहेको उल्लेख गर्दै पछिल्ला समय मातृभाषा र गुणस्तरीय सेवा उपलब्ध गराउन दत्तचित्त रहेको बताए । अन्तरक्रियामा सेवाग्राही सञ्चारमाध्यमका तर्फबाट रासस सेवाका महत्त्वपूर्ण अंशका रुपमा रहेको भिडियो सेवालाई प्रभावकारी बनाउन व्यवस्थापनले विशेष ध्यान पुर्‍याउनुपर्नेमा जोड दिँदै समयमै समाचार उपलब्ध गराउने, भाषा शुद्धतालाई ख्याल गर्ने, समाचार अनुरुपको श्रव्य र तस्बिरलाई एकीकृत रूपमा उपलब्ध गराउन सुझाव दिए । सरकार र राजनीतिक दलका भाषणभन्दा मानवीय अभिरुचिका अन्य पक्षका सामग्री र विषयवस्तु सम्बन्धित समाचार सम्प्रेषणमा ध्यान दिन सुझाव दिँदै उहाँहरूले राससप्रतिको विश्वसनीयताको पक्षलाई मर्न नदिने गरी काम गर्न आग्रह गरे । सो अवसरमा नायब महाप्रबन्धक राजु शाक्य, नायब महाप्रबन्धक तथा समाचार महाशाखा प्रमुख सोमनाथ लामिछाने, प्रधान सम्पादक उत्तम सिल्वाल, आलेख शाखा प्रमुख कृष्ण अधिकारी, अङ्ग्रेजी शाखा प्रमुख दीपराज सन्याललगायतले राससको समाचार सेवाको गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा सेवाग्राहीले दिएका सुझाव मननयोग्य रहेकाल कार्यान्वयन गर्दै लगिने प्रतिबद्धता व्यक्त गरे ।

# रासस मिडिया सङ्ग्रहालयः
# आमसञ्चारको विकासक्रम बुझाउने थलो

**काठमाडौँ ।**
आमसञ्चारको विकासक्रम र इतिहास देखाउने उद्देश्यले राष्ट्रिय समाचार समिति (रासस)ले शुक्रबारदेखि 'रासस मिडिया सङ्ग्रहालय' सञ्चालनमा ल्याएको छ । यस प्रकारको सङ्ग्रहालय नेपालमै सम्भवतः पहिलो हो । सामान्यता, 'गुगल सर्च' गरेर समाचारको इतिहास खोज्ने पुस्ताका लागि राससले सञ्चालनमा ल्याएको सङ्ग्रहालय अध्ययन सामग्री बन्नसक्ने देखिन्छ । सञ्चालनमा आएको सङ्ग्रहालयलाई यस क्षेत्रका जानकार एवम् विज्ञले विगतमा गरिएका काम आगामी पुस्तालाई देखाउने महत्वपूर्ण कदम भन्दै प्रशंसा गरेका छन् । महत्वका हिसाबले इतिहास र अनुभवलाई केलाउँदै प्रविधिमा आएको परिवर्तनले पत्रकारितामा पारेको प्रभाव अध्ययन गर्नेका लागि यो आफैँमा राम्रो थलो भएको उनीहरुको टिप्पणी छ । एउटै कोठामा राससको इतिहास मात्रै नभई पत्रकारिता क्षेत्रमा देखिएको परिवर्तन र विकासक्रम देख्न सकिने भएकाले पनि पत्रकारिता क्षेत्रका प्राध्यापक, सरोकार भएका व्यक्ति एवं जानकारले 'पत्रकारिताका बारेमा जानकारी राख्नेका लागि कोशेढुङ्गा' भएको बताए । सङ्ग्रहालयमा राखिएको सामग्री हेरेपछि राससको इतिहास कसैले बताइरहनु नपर्ने एवम् सहजै बुझ्न सकिने उनीहरुको भनाइ छ । उनीहरुले रासससँगको कुराकानीमा भने, 'यो ऐतिहासिक काम हो ।' सङ्ग्रहालयमा विभिन्न ४६ प्रकारका सामग्री राखिएका छन् । त्यसमा रेडियो, टेलिभिजन, टेलिप्रिन्ट, राससका प्रकाशन सामग्री, पुराना माइकलगायत छन् । रासस स्थापनाको ६३ वर्ष पुगेका अवसरमा प्रयोग गरिएका प्रविधि, उपकरण, सामग्री, समाचारको इतिहास र प्रकाशन सङ्ग्रहालयमा उपलब्ध छ । रत्नराज्य लक्ष्मी क्याम्पस पत्रकारिता विभाग प्रमुख



डा जगत् नेपालले राससले सङ्ग्रहालय सञ्चालनमा ल्याएर अत्यन्तै सराहनीय काम गरेको बताए । उनले भने, 'नयाँ पुस्ताले हाम्रो इतिहास के थियो, कसरी काम भएको रहेछ भन्ने जानकारी दिन्छ । हामी कहाँबाट यहाँसम्म आयौँ भन्ने कुरा बुझ्नका लागि पनि यो अति आवश्यक छ ।' कक्षाकोठमा पढाइएका विषयलाई सङ्ग्रहालयमा आएर हेर्दा ज्ञानको तह उच्च हुने उनको भनाइ छ । 'राससले जुन सुरुआत गरेको छ । यसलाई थप्दै लानुपर्छ ।
यो सुरुआत हो । असाध्यै राम्रो छ', उनले भने । यसले आमसञ्चारका विद्यार्थी, अवलोकनकर्तालाई इतिहास देखाउन अत्यन्तै ठूलो काम गर्ने उनको भनाइ छ । 'सङ्ग्रहालय ज्ञानको भण्डार हो, 'अर्काइभ' बिर्सियो भने इतिहास मेटिन्छ । जुन काम भइरहेको छ, यो असाध्यै महत्वपूर्ण छ । राससले जुन काम गरेको छ । यो महत्वपूर्ण र अर्थपूर्ण छ । राज्यका अरु निकायले पनि यो काम अगाडि बढाउनुपर्छ', उनले भने । नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वलले प्रविधिमा आएको परिवर्तनले पत्रकारिता क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्ने राम्रो थलो निर्माण भएको बताए । राससले सञ्चालनमा ल्याएको यो सङ्ग्रहालयले पुरानो ज्ञान र अनुभवलाई संरक्षण गरेर राख्ने काम गरेको उल्लेख गर्दै उनले यसलाई एउटा कोशेढुङ्गाको सङ्ज्ञा दिए ।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभागका पूर्वप्रमुख चिरञ्जीवी खनालले सङ्ग्रहालयलाई 'राससको काम र ज्ञानको भण्डार' को सङ्ज्ञा दिए । उपभोक्ता र जिज्ञासा राख्नेका लागि विगतमा राससले के गरेको रहेछ र आगामी दिनमा के गर्नुपर्ने रहेछ भन्ने सन्देशसमेत दिने उनको भनाइ छ ।
आमसञ्चारमाध्यमले आगामी दिनमा यस सङ्ग्रहालय हेरेर आफूहरुलाई पनि अगाडि बढाउन सहज हुने उनको विश्वास छ । 'दि नेपाल विक्लीका' सम्पादक शिरिष बल्लभ प्रधानले ज्यादै महत्वपूर्ण काम भएको प्रतिक्रिया दिए । अहिलेको पुस्तालाई रासस कुन अवस्थाबाट गुज्रेर उनीसम्म आइपुग्यो भन्ने विषयको जानकारी दिने उल्लेख गर्दै उनले भने, 'सामान्य मेसिनबाट सूचना महामार्गको युगसम्म कसरी आइपुग्याँ भन्ने इतिहास सङ्ग्रहालयले देखाएको छ ।' सामुदायिक रेडियो प्रसारक सङ्घका संस्थापक अध्यक्ष रघु मैनालीले टेलिप्रिन्टरको जमानाबाट हालको अनलाइनसम्म आइपुग्दा भएको परिवर्तनलाई सूत्रबद्ध गर्ने प्रयास राससबाट हुनु आफैँमा महत्वपूर्ण रहेको बताए ।
'ऐतिहासिक विकासका दृष्टिले प्रविधिको विकाससँगै आएको परिवर्तन, सीपमा आएको परिवर्तन, प्रविधिगत सुधारलाई अनुभव गर्न सकिन्छ', उनले भने, 'समाचार सङ्कलनमा आएको परिवर्तन पनि यसको अर्को पक्ष हो ।' आफ्नो अतीत जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई सङ्ग्रह गर्दै मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याइएको हो । सङ्ग्रहालय निर्माण र सञ्चालन आफैँमा एक चुनौतीपूर्ण र जटिल छ ।

# रासस मिडिया सङ्ग्रहालयः इतिहासको अभिलेखीकरण

***रासस नागरिकलाई सूचनाको हक सुनिश्चिता गराउन, सामाजिक रुपान्तरणको अभियानमा हातेमालो गर्न र आधिकारिक सूचना संप्रेषण गर्न अग्रमोर्चामा उभिएको छ । हामीले दिने सेवा समयनुकूल, आधिकारिक र सही छ भन्ने हाम्रो विश्वास हो ।***

**सिद्धराज राई**
**काठमाडौँ ।**
रासस स्थापना भएको ६३ वर्ष पुगेको छ । विसं २०१८ मा काठमाडौँको नयाँसडकको एउटा कोठाबाट सुरुआत भएको रासस अहिले सुविधायुक्त भवनबाट सञ्चालन भइरहेको छ । राससले आफ्नो अतीत जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई सङ्ग्रहगरी रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ । सङ्ग्रहालय निर्माण र सञ्चालनको कार्य आफैँमा एक चुनौतीपूर्ण र जटिल रहेको हाम्रो अनुभव छ ।

गुगल र सामाजिक सञ्जालमा केन्द्रित भई सूचना खोजी रहेको नयाँ पुस्ताका लागि त यो सङ्ग्रहालय महत्वपूर्ण हुने नै छ पुराना पुस्ताले पनि मिडिया विकासको अध्ययनका सन्दर्भमा एकैछिन भए पनि राससको मिडिया सङ्ग्रहालयमा आउनुपर्ने अवस्थाको सिर्जना भएको छ भन्ने लागेको छ । सम्भवतः यस्तो किसिमको सङ्ग्रहालय नेपालमै पहिलो हो भन्न सकिन्छ । मैले सुनेको एउटा कथाअनुसार बाबुले छोरालाई एउटा पुरानो मोडलको खिया लागेको घडी दिएर भनेछ, छोरा यो घडीलाई बजारमा बेचेर आउ । छोरा घडी लिएर बजार गयो । बजारमा घडीका सबै पसलमा गएर बुझ्यो । तर कसैले किन्न मानेन । निरास भएर घर फर्केको छोरालाई बुबाले सोध्यो, किन निरास ? छोराले भन्यो, घडी कसैले किनेनन् । अनि बुबाले फेरी छोरालाई भन्यो, एकपटक सङ्ग्रहालयमा देखाउन जाउ । जब सङ्ग्रहालयमा गएर छोराले घडी देखायो । त्यहाँ उसले त्यो घडी ऐतिहासिक र सङ्ग्रहयोग्य रहेको जवाफ पायो । अनि सङ्ग्रहालयमा घडीको राम्रो मूल्य पायो र घडी बेचेर खुसी हुँदै घर फर्कियो । सङ्ग्रहालयमा लाखौँ मूल्यमा पुरानो घडी बेचेर फर्केको छोरालाई सम्झाउँदै बुबाले भन्यो–'हरेक वस्तु ठीक ठाउँमा पुऱ्याउनुपर्छ र सही मुल्य पाइन्छ ।' यो कथा जस्तै राससले पनि अहिले सङ्कलन गरेर प्रदर्शनीमा राखेका सामग्रीहरु गोदममा थुप्रिएर बसेका थिए । ती सामग्रीलाई ठीक ठाउँमा सङ्ग्रह गरी प्रदर्शनीमा राखिएको छ भन्ने हाम्रो ठम्याइ हो । सङ्ग्राहलय आफैँमा एउटा अनुसन्धान र अध्ययन केन्द्र हो । पुर्खाले अर्जेको संरचनामा हामीले अहिले नयाँ प्रविधिमा अभ्यास गरिरहेका छौं । यो सङ्ग्रहालय ती पुर्खाहरुप्रतिको सम्मान पनि हो भन्न सकिन्छ । राससको मूल कार्य समाचार सङ्कलन र सम्प्रेषण नै हो । राज्यको आधिकारिक सूचनालाई मिडियामार्फत जनतासम्म पु-याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलको रुपमा राससले भूमिका निर्वाह गरिरहेको छ । राससले आफ्नो सेवालाई समयनाकूल परिवर्तन गर्दै लगेको छ । राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारको रुपमा राससले पहिचान बनाएको छ । हिजो थोरै मिडियाको लागि अति आवश्यक रासस आज आएर सबै मिडियाको लागि अपरिहार्य बनेको छ, बन्दै छ । हिजो राससको सेवा प्रयोग



नगरी आफ्नै क्षमतामा समाचार उत्पादन गर्ने मिडियाले समेत अहिले राससको सेवा लिएको कुरा सुनाउन पाउँदा हाम्रो यात्रा सही दिशामा केन्द्रित छ भन्ने लागेको छ । रासस नागरिकलाई सूचनाको हक सुनिश्चिता गराउन, सामाजिक रुपान्तरणको अभियानमा हातेमालो गर्न र आधिकारिक सूचना संप्रेषण गर्न अग्रमोर्चामा उभिएको छ । हामीले दिने सेवा समयनुकूल, आधिकारिक र सही छ भन्ने हाम्रो विश्वास हो । तर हामीले अहिले गरिरहेको कार्य मात्र पर्याप्त छैन भन्ने हाम्रो ठम्याइ हो । समाचार सम्प्रेषणका सन्दर्भमा हामीले धेरै गर्न बाँकी छ । आजको डिजिटल युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भाव प्रयास गरिरहेको छ । यसै सिलसिलामा राससले आफ्नो सेवालाई विविधीकरण गर्दै लगेको छ । नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अङ्ग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो सेवा हुँदै २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा पनि सुरुवात गरेका छौं । यी सेवालाई रासस निरन्तर प्रगतिपथमा अग्रसर रहेको सूचकको रुपमा हामीले लिएका छौँ । यस आर्थिक वर्षदेखि राससले २४ सै घण्टा समाचार सेवा र मातृभाषामा थप दुई भाषाहरु मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गर्ने तयारी गरिरहेको जानकारी गराउन पाउँदा हामी गौरवबोध गरिरहेका छौँ । राससले प्रारम्भ गर्ने २४ सै घण्टा समाचार सेवाले नेपाली सञ्चारमाध्यमहरु अब पहिलाजस्तो डेटलाइनमा सीमित नरहने विश्वास छ । मातृभाषाको समाचार सेवाले नेपाली मिडियालाई विविध भाषामा समाचार संप्रेषण गर्न सहयोग पुग्नेछ ।

खासगरी मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमको विकास र स्थायित्वका लागि यो सेवा कोशे ढुंगा सावित हुने हाम्रो विश्वास छ । राससको समाचार सेवाको विविधीकरण गर्ने कार्यसँगै केही रचनात्मक कार्यसमेत गर्ने प्रयास गरिरहेको छ । राज्य र सरकारको कामलाई सहयोग र साथ दिन राससले गएको जेठ महिनामा 'समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो । यो तस्बिर प्रदर्शनीले नेपालमा विकास भएन, कुनै काम भएन भनेर, निर्माण भइरहेको भास्यलाई निरुत्साहित गर्न सहयोग पुगेको छ भन्ने लागेको छ । आज राससले ६३ वर्षको अवधीमा प्रयोगमा ल्याएका वस्तुहरुको सङ्ग्रह गरेर रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ । यो सङ्ग्रहालय राससले आफ्नो आन्तरिक स्रोत परिचालन गरेर स्थापना गरेको हो । राससको गोदाममा थुप्रिएका, बेकामे भनेर राखिएका, वर्तमानमा प्रयोगहीन ठहरिएका सामग्रीहरु सङ्कलन गरेर स्थापना गरिएको, यो सङ्ग्रहालय राससलाई जीवन्त राख्ने एक प्रयास हो भन्दा अत्युक्ति नहोला । अहिलेको रासस व्यवस्थापन टिमले राससको इतिहासलाई अभिलेखीकरण गर्ने प्रयास गरिरहेको छ । यसैको एउटा खुड्किलोको रुपमा रासस मिडिया सङ्ग्रहालय पनि हो । २०८० फागुन ७ गते ६३औं वार्षिकेत्सवको सन्दर्भमा राससमा नेतृत्व गरेका अध्यक्ष, महाप्रबन्धक र सेवा गरेका कर्मचारीहरुको अनुभव र अनुभूतिलाई सङ्ग्रह गरेर एउटा पुस्तक प्रकाशित गरेका थियौं ।

यस वर्ष रासस मिडिया सङ्ग्रहालय स्थापना गरेर इतिहासलाई थप व्यवस्थित बनाउने प्रयास गरेका छौं । अहिले राससको सङ्ग्रहालयमा ४६ प्रकारका सामग्री सङ्कलन गरी राख्न सकिएको छ । निश्चय पनि यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुनेछ । यो मिडिया सङ्ग्रहालय नेपालको मिडिया विकासक्रमको विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुका लागि उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ । डिजिटल युगको पत्रकारिता गरिरहेको पुस्तामा पुराना पुस्ताले विगतमा निर्वाह गरेको भूमिका बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा थोरै भए पनि परिवर्तन आउन सकेको खण्डमा हाम्रो प्रयास सार्थक भएको हामी ठान्ने छौँ ।

# एपेक्स कलेजले सञ्चालनमा ल्यायो 'बिबिए' प्रोगाम




**महेश कठायत**
**वीरगंज ।**
वीरगंजस्थित एपेक्स म्यानेजमेन्ट कलेजले यसै शैक्षिकसत्रबाट बिबिए कार्यक्रम सञ्चालनमा ल्याएको छ । शुक्रबार वीरंगजमा एक समारोहको आयोजना गरी बिबिए कार्यक्रम सञ्चालनमा ल्याएको औपचारिक जानकारी गराएको हो ।
सुदुरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन लिएर एपेक्स कलेजले ६६ सिटका लागि बिबिए कार्यक्रम सञ्चालनमा ल्याएको एपेक्स कलेज सञ्चालक समितिका अध्यक्ष डा. दीपेन्द्र चौधरीले जानकारी दिए । कलेजले बिबिए कार्यक्रममार्फत नयाँ युगको मागअनुसार व्यवहारिक ज्ञानसहितको शिक्षण पद्धतिमा जोड दिइएको अध्यक्ष चौधरीले बताए । उनले भने, 'शिक्षण पद्धतिमार्फत प्रयोगात्मक ज्ञानलाई तालिम, सेमिनार, औधोगिक भ्रमण तथा उद्योगपतिसँगको अन्तरक्रिया मार्फत विद्यार्थीको सिकाइलाई सहजिकरण गर्नेछ ।
जसबाट उद्योगीहरूले सिपयुक्त जनशक्ति प्राप्त गर्ने छन् ।' एपेक्स म्यानेजमेन्ट कलेज वीरगंज कलेजको भातृ संस्थाका रूपमा स्थापना भएको अध्यक्ष चौधरीको भनाइ थियो ।
अध्यक्ष चौधरीका अनुसार सुदुरपश्चिम विश्वविद्यालयबाट हालसम्म बिबिए कार्यक्रमका लागि एपेक्स कलेजसहित ६ वटा कलेजले सम्बन्धन प्राप्त गरेका छन् । सो अवसरमा वीरगंज क्याम्पसका प्रमुख विनोद गुप्ताले बिबिए कार्यक्रमबाट सैद्धान्तिकसँगै व्यवहारिक ज्ञान हासिल पश्चात दक्ष जनशक्ति उत्पादन गर्न सक्ने विश्वास व्यक्त गरे ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुबोध गुप्ताले शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउँनुपर्ने र त्यसका लागि सरकारले पनि वातावरण निर्माण गरिदिनुपर्ने बताए । देशका अधिकांश जिल्लाको तुलनामा पर्सामा शैक्षिक संस्थाहरुको अवस्था राम्रो रहेको भन्दै उनले वीरगंजलाई शैक्षिक हवका रूपमा विकास गर्न सकिने कुरामा जोड दिए । वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य केसी लामिछानेलगायत सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

# मन्त्री गुप्ताद्वारा प्रदेशद्वार उद्घाटन



**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले पर्साको बहुदरमाई नगरपालिका ७ मा निर्माण भएको प्रवेशद्वारको उद्घाटन गरेका छन् । नगरपालिकाले निर्माण गरेको प्रवेशद्वारको शुक्रबार एक कार्यक्रमका बीच उनले उद्घाटन गरेका हुन् । मन्त्री गुप्ताले बहुदरमाई नगरपालिकामा निर्माण गरिएको प्रवेशद्वार बाहिरबाट आएका अगन्तुहरुलाई यो स्थानको पहिचान स्थापित गर्न सहयोग पुर्याउने बताए ।
प्रवेशद्वारको निर्माणले स्थानीयलाई सामाजिक तथा धार्मिक कार्यक्रम गर्न सहजता मिल्ने उनको विश्वास छ । समाजमा बसिसकेपछि सामाजिक उत्तरदायित्वलाई पुरा गर्ने जिम्मेबारी बोध गर्नुपर्नेमा उनले जोड दिए । मन्त्री गुप्ताले नगरपालिकामा भएका समस्याहरुसँग आफु चिरपरिचित रहेको र त्यस्ता समस्याको समाधान गर्न प्रतिबद्ध रहेको बताए । मन्त्री गुप्ताले परोपकारी धर्मले नै मानव जीवन सार्थक बन्ने उल्लेख गरे । प्रवेशद्वारको उचित प्रयोग गरी यसको संरक्षणमा समेत ध्यान दिनुपर्ने आवश्यकतालाई उनले औँल्याए । यो नगरपालिकासँगै जिल्लाको विकासमा सरकारबाट समेत आवश्यक सहयोग मिल्ने प्रतिबद्धता उनको छ ।
प्रवेशद्वार उद्घाटनमा नगरपालिकाले मन्त्री गुप्तासँगै सम्पूर्ण उपस्थित अथितिहरुलाई सम्मान गरिएको थियो । नगर प्रमुख सिंहासन साह कानुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष विश्वम्भर शर्मा, पूर्व अध्यक्ष प्रदीप जैसवाल, उपप्रमुख सुष्मा कुशवाहा, रुबी ठाकुर, नगरपालिकाका वडा अध्यक्षहरू लगायतको उपस्थिति रहेको थियो ।

# सीप सिकाएर उद्यमी बनाउने सानो पाइलाको प्रयास सराहनीयः मन्त्री चौरसिया

**मधेशदृष्टि**
**वीरगंज ।**
सानो पाइलाद्वारा संचालित परियोजना स्कुल अफ वुमन्स अन्टरप्रेनरसिप अन्तर्गत ललितपुरमा सुरू भएको हस्तनिर्मित गरगहना बनाउने तालिमको औपचारिक उद्घाटन गरिएको छ । उद्घाटन तथा पहिलो प्रदर्शनीका प्रमुख अतिथि कानुन न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले महिलाहरूलाई सीप सिकाएर उद्यमी बनाउने सानो पाइलाको प्रयासको सराहना गरे । 'जहाँजहाँ समस्या हुन्छ, त्यहाँत्यहाँ सानो पाइला समाधानसहित पुगेको मैले पाएको छु । दुव्र्यसनमा फसेका युवाहरूलाई पुनस्र्थापना गर्ने काम होस् वा अपराधमा फसेका युवाहरूलाई सुधारको बाटो देखाएर समाजमा घुलमिल बनाउने सवालमा होस्, सानो पाइलाले धेरै नै उल्लेख्य कामहरूको इतिहास बनाएको छ ।', मन्त्री चौरसियाले भने, 'अहिले दिइँदै गरेको यो हस्तनिर्मित गहना बनाउने तालिमपछि प्रशिक्षार्थीहरू आत्मनिर्भर र स्वाभिलम्वी बन्ने मलाइ विश्वास छ ।'
तालिम स्थलमा आधारभूत प्रयोगात्मक सत्रमा सहभागी प्रशिक्षार्थीहरूले बनाएका गहनाहरूको प्रदर्शनी समेत राखिएको छ ।
कार्यक्रममा प्रदेश सांसद श्याम पटेलले कोरोनाकालमा सानो पाइलाले अद्भूत काम गरेको भन्दै प्रशंसा गरे । सानो पाइलाले गरेको काम सफल हुनेमा दुइमत नरहेको भन्दै प्रदेश सांसद पटेलले अगाडि भने, 'यो तालिमपछि महिला प्रशिक्षार्थीहरू प्रमाणपत्र लिएर जाने मात्र नभइ स्वावलम्वी हुनु हुनेछ भन्नेमा म विश्वस्त छु ।'
नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कमला श्रेष्ठले महिलाहरूलाई उद्यमी बनाउने सानो पाइलाको प्रयासमा आफूबाट सक्दो सहयोग हुने बताइन् । 'दूरदराजका विभिन्न किसिमका दुःखमा परेका महिलाहरूलाई उद्यमी बनाउने सत्प्रयासमा मेरो व्यक्तिगत र मैले प्रतिनिधित्व गर्ने उद्योग वाणिज्य महासंघको तर्फबाट सक्दो सहयोग हुनेछ'



सौन्दर्य व्यवसायी समेत रहेकी श्रेष्ठले भनिन्, 'सहरी क्षेत्रका र शिक्षित महिलाहरूले उद्यमशिलताका क्षेत्रमा अवसर पाए पनि विपन्न र जोखिममा परेका महिलाहरूलाई अझैं पनि त्यो अवसर प्राप्त भइसकेको छैन् । त्यसैले म माननीय मन्त्री ज्यूलाई यसतर्फ नीतिगत र कानुनीरूपमै सहजता दिलाउनका लागि भूमिका खेलिदिनुहोस् भनी ध्यानाकर्षण गराउन चाहन्छु ।'
सानो पाइलाका संस्थापक अध्यक्ष कञ्चन झाले संस्थाको स्थापनाको इतिहासबारे चर्चा गरे ।
अधिकार विकेन्द्रिकरणको अवधारणाअन्तर्गत आफूहरूले वीरगंजमा मुख्यालय खोलेर काठमाडौं लगायत अन्य ठाउँहरूमा काम गरिरहेको बताएका झाले कानुन मन्त्री चौरसियाको ध्यानाकर्षण गराउँदै भने, 'वीरगंजमा रहेर हाम्रो अभिभावकत्व निर्वाह गरिरहनुभएका मन्त्री ज्यू, प्रदेश सांसद ज्यू पनि यहाँ हुनुहुन्छ, सानो पाइलाले गरिरहेका काममा सुरुआतदेखि नै तपाइँहरूको सहयोग छ, र यस्ता कार्यक्रमहरूमार्फत महिलाहरूको उन्नति–प्रगतिमा पनि भविष्यमा सहयोग भइरहने छ भन्ने मेरो अपेक्षा हो ।' संस्थापकको हैसियतमा आफ्ना कुराहरू राख्न दिएकोमा पनि झाले सानो पाइला परिवारलाई धन्यवाद व्यक्त गरे ।
स्कुल अफ वुमन्स अन्टरप्रेनरसिप परियोजनामा आर्थिक सहायता उपलब्ध गराएको गिभ टु एसियाका नेपाल प्रतिनिधि सुरेश तामाङले सानो पाइलासँगको लामो सामिप्यताबारे चर्चा गरे ।
उनले भने, 'सानो पाइलाको मधेशदेखि पहाडसम्म फैँलदो यात्रामा हाम्रो साझेदारी पनि निरन्तर चलिरहोस् भन्ने हामीले चाहेका छौँ । हामीसँगको साझेदारीमा ललितपुर र पर्सामा जारी स्कुल अफ वुमेन्स अन्टरप्रेनरसिप परियोजना पनि पक्कै सफल हुनेछ ।' आवासीय तालिम केन्द्र संचालन भइरहेको गोदाबरी नगरपालिका–३ टौखेलका वडाध्यक्ष सानुराजा घिमिरे (राज)ले सानो पाइलाले जोखिममा परेका महिलाहरूलाई सीप सिकाएर उदाहरणीय काम गरिरहेको भन्दै आफ्नो वडाबाट हुने सहयोगका लागि हरसम्भव प्रयास गर्ने प्रतिबद्धता जनाए ।

# शिक्षा नीति–२०८१ को प्रारम्भिक खाकामाथि छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले ल्याएको प्रादेशिक शिक्षा नीति २०८१ को प्रारम्भिक खाकाउपर शुक्रबार छलफल भएको छ । प्रादेशिक शिक्षा नीति तर्जुमा निर्देशक समितिको बैठकमा प्रारम्भिक खाका उपर छलफल भएको हो ।
शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीको अध्यक्षतामा बसेको बैठकमा शैक्षिक समस्याहरु समाधान गर्दै सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने उद्येश्यले ल्याएको शिक्षा नीतिमाथि छलफल भएको छ ।
प्राम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, विद्यालयमा आधारभूत सुविधाको अवस्था, विद्यालय शिक्षामा सुशासन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लगायतको सूचक तोकेर मन्त्रालयले शिक्षा नीति ल्याउन लागेको हो ।
मधेश प्रदेशको शिक्षाको अवस्था विगतमा सन्तोषजनक रहेपनि हालका दिनहरुमा कमजोर हुँदै गएको तथ्यांकहरुले देखाएको छ । तिवारीले शिक्षा मन्त्रालयको जिम्मेवारी सम्हाले लगत्तै प्रादेशिक शिक्षा नीति २०८१ को खाका तयार गर्न लगाएर यसमाथिको छलफल अगाडि बढाएकी हुन् । शिक्षा नीति बनाउने कार्यलाई गति दिनको लागि टास्क फोर्स समेत गठन गरिएको शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव महेन्द्र महतोले जानकारी दिए । मन्त्रीको निर्देशन अनुसार शिक्षा नीति २०८१ को प्रारम्भिक खाका उपर छलफललाई अगाडि बढाइएको र केही दिन भित्रै यसले मुहूर्त रुप पाउने विश्वास सचिव महतोले व्यक्त गरे । छलफलमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साह, सदस्य शिला मिश्र लगायत विज्ञहरुको सहभागिता रहेको थियो ।

# महिलाका लागि पचास प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्छः मन्त्री

**ललितपुर ।**
महिलाहरूका लागि हरेक क्षेत्रमा पचास प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा वक्ताहरूले जोड दिएका छन् । बियोन्ड बेइजिङ कमिटी (बिबिसी) नेपालले शुक्रबार ललितपुरमा आयोजना गरेको 'बेइजिङ प्लस ३०' राष्ट्रिय महिला सम्मेलनमा वक्ताहरूले पितृसत्तात्मक सोच र शासन प्रणालीका कारण महिलाहरू पीडित हुनुपरेको उल्लेख गर्दै लैङ्गिक समानता र समानुपातिक समावेशी प्रतिनिधित्वका लागि राज्यका हरेक तहमा महिलाको पचास प्रतिशत सहभागिता सुनिश्चित हुनुपर्ने धारणा राखेका हुन् । सम्मेलनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले महिलाहरूको मर्यादा र आत्मसम्मानसहित समावेशी प्रतिनिधित्वका लागि सबै मिलेर काम गर्नुपर्नेमा जोड दिए ।
'२१औँ शताब्दी महिलाहरूको सत्ताको शताब्दी हो, सरकारले मात्रै कानुन बनाएर हुँदैन, यसका लागि हामी सबैले व्यवहारमा उतार्नुपर्छ । संसद्बाट आवश्यक सबै कानुन बन्छ', उनले भने, 'म ५४ प्रतिशतभन्दा बढी महिलाको मतले जितेर आएको छु, महिलाका लागि पचास प्रतिशत सुनिश्चित हुनुपर्छ, तपाईंहरू किन ३३ प्रतिशत र ४० प्रतिशत भनिरहनुहुन्छ ?'
कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले मानिसमा चेतनाको अभावका कारण समाजमा विभेद रहेको बताउँदै त्यसलाई अन्त्य गर्न पाठ्यक्रममा सुधारको खाँचो औँल्याइन् ।
प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका अध्यक्ष किरणकुमार शाहले समाजमा महिलामाथि हुने विभेदको अवस्था अन्त्य गर्न सक्रियतापूर्वक लाग्नुपर्ने बताए ।
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिला अधिकारका लागि धेरै ऐन, कानुन बनेको र त्यसलाई व्यवहारमा प्रभावकारी कार्यनयन गर्नुपर्ने आवश्यकता औँल्याए । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले सम्मेलनमा उठेका सवालहरू महत्वपूर्ण भएको बताउँदै सम्मेलनले जारी गरेको १७ बुँदे घोषणापत्रका आधारमा महिला आयोगले नीति तथा कार्यक्रम तय गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।
लैंगिक समानता तथा महिला सशक्तीकरणसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय युएन वुमनका राष्ट्रिय प्रतिनिधि प्याट्रिसिया फर्नान्डेनले १७ बुँदे काठमाडौँ घोषणापत्रले महिला सरोकारका संवेदनशील विषयमा महत्वपूर्ण छलफल र बहसहरू सृजना गरी महिला सहभागिताको वृद्धि, गरिबी निवारण र लैङ्गिक समानतामा प्रभावकारी भूमिका निर्वाह गर्ने बताए । उनले नेपाल सरकारका नीति कार्यान्वयनका लागि घोषणापत्र महत्वपूर्ण साबित हुने भन्नुहुँदै नेपालमा भएको नारीवादी आन्दोलन र त्यसबाट हासिल गरेको प्रगतिको सराहना गरे । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन